अन्तिम लेखापरीक्षण प्रतिवेदन

राप्तीसोनारी गाउँपालिका
बाँके

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

राप्तीसोनारी गाउँपालिका

बाँके

आर्थिक वर्ष २०७९/८०



महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

अन्तिम लेखापरीक्षण प्रतिवेदन

राप्तीसोनारी गाउँपालिका

बाँके

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	*(Integrity)*
स्वतन्त्रता	*(Independence)*
व्यावसायिकता	*(Professionalism)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

(तोयम राया)

२०८१ जेष्ठ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
लुम्बिनी प्रदेश

मितिः२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १०१

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

राप्तीसोनारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,

बाँके ।

१. **कैफियत सहितको राय** — हामीलेपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. ५ करोड १८ लाख १९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. १ करोड १६ लाख ६ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.५१ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु. २ करोड ३३ लाख ७९ हजार,पेश्की बाँकी रु ९ लाख ६९ हजार समेत गरी यस वर्ष रु. ४ करोड २ लाख १३ हजार बेरुजू कायम रहेको छ । गाउँपालिकाको गतवर्ष सम्मको सम्परिक्षण पश्चात रु. ३० करोड ८० लाख ५५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ३४ करोड ८२ लाख ६८ हजार रहेको छ । गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने **राप्तीसोनारी** गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी **राप्तीसोनारी** गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।



(घनश्याम पराजुली)
नायब महालेखापरीक्षक

राप्तीसोनारी गाउँपालिका,बाँके जिल्ला,

१. चालु वर्ष २०७९।८० को बेरुजु

बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
									असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
६६	१३१	५१८१९	०	६	११६०६	६६	१२५	४०२१३	५१२८	२३३७९	१०७३७	०	०	३४११६	९६९

२. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
राप्तीसोनारी गाउँपालिका,बाँके जिल्ला	३५६८९९	०	४९१३२	३०७७६७	२८८	४०२१३	३४८२६८

३. बेरुजु सम्परीक्षणको विवरण

क्र. सं	आर्थिक वर्ष	बेरुजुको दफा	छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
	२०७९।८० (चालु वर्षको)			
१	०७९।८०	१४	पेश्की फछ्यौट प्रमाण	१०००००
२	०७९।०८०	४३	प्रमाण पेश	१४२१४६
३	०७९।०८०	१००	कार्य सम्पन्न प्रतिबेदन पेश	१०२०००००
४	०७९।०८०	१०५	प्रमाण पेश	११६४०००
	चालु वर्षको जम्मा			**११६०६१४६**
	गत विगत वर्षतर्फको			
१	२०७८।७९			३९००१३७५
२	२०७७।७८			१७३४८५०
३	२०७५।७६	३९.२	कर समायोजन प्रमाण	८३९५७२९
	गत विगतको जम्मा			**४९१३१९५४**
	कुल जम्मा			**६०७३८१००**

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

१ **परिचय-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४९ सभा सदस्य, १०४१.७३ वर्ग किलोमिटर क्षेत्रफल तथा ६७ हजार ७८२ जनसंख्या रहेको छ ।

२ **लेखापरीक्षणको उद्देश्य-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

३ **लेखापरीक्षणको क्षेत्र र अवधी-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।८।१९ देखि २०८०।८। ३० सम्म रहेको छ ।

४ **लेखापरीक्षणको विधी-**लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

५ **लेखापरीक्षणको सीमा-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

६ **स्थानीय संचित कोष-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाँउपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय/व्यय हिसाबको आर्थिक वर्ष २०७९/८० को कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ।

विवरण	टिप्पणी	यस वर्ष रु.			
		बजेट	आफैले गरेको प्राप्ति/भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा
प्राप्ती (क+ख)		१०००८२७०३९.	८२४८१६४१०.३		८२४८१६४१०.३
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		९८३३४८५००.	७८४५४५९९१.४३	०	७८४५४५९९१.४३
११००० कर	११	२१८३७००००.	२२७०१७२५८.९५	०	२२७०१७२५८.९५
१३००० अनुदान		५९६७२८५००.	५५९२३६०४७.३९	०	५५९२३६०४७.३९
संघीय सरकार	१२	५५२७५८०००.	५२२२३२९१५.३९	०	५२२२३२९१५.३९
प्रदेश सरकार	१२	४०९२८०००.	३४२०३१३२.	०	३४२०३१३२.
अन्तरिक श्रोत		३०४२५००.	२८०००००.	०	२८०००००.
१४००० अन्य राजस्व		११६२५००००.	-१६८१३३१४.९१	०	-१६८१३३१४.९१
१५००० विविध प्राप्ति		०	०	०	०
३२००० वित्तीय सम्पत्ति		५२००००००.	०	०	०
ख. अन्य प्राप्ति		१७४७८५३९.	४०२७०४१८.८७		४०२७०४१८.८७
वितरण गर्न बाकी राजस्व		०	०	०	०
कोषहरु		१७४७८५३९.	३१३५२४९८.८७	०	३१३५२४९८.८७
धरौटी		०	८९१७९२०.	०	८९१७९२०.
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०

भुक्तानी (ग+घ)		९९७७७३०३९.	८२८३९६०१५.३७		८२८३९६०१५.३७
ग. भुक्तानी (सञ्चित कोषबाट)		९८०२९४५००.	८०९२६०९७८.३७		८०९२६०९७८.३७
२१००० पारिश्रमिक / सुविधा	१८	६५६०९०००.	६०९८७६०२.४४	०	६०९८७६०२.४४
२२००० मालसामान तथा सेवाको उपयोग	१८	२७४८३६४७०.	२१४२८७४३४.९३	०	२१४२८७४३४.९३
२५००० सहायता (Subsidy)	१८	३१६००७०००.	३१५९०५६४४.	०	३१५९०५६४४.
२६००० अनुदान	१८	२५२००००.	२५२००००.	०	२५२००००.
२७००० सामाजिक सुरक्षा	१८	८३४६०००.	४५०९०८८.	०	४५०९०८८.
२८००० अन्य खर्च	१८	६५९०००.	४०३९००.	०	४०३९००.
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	३१२३१७०३०.	२१०६४७३०९.	०	२१०६४७३०९.
घ. अन्य भूक्तानी		१७४७८५३९.	१९१३५०३७.		१९१३५०३७.
कोषहरु		१७४७८५३९.	१३८९३४१२.	०	१३८९३४१२.
धरौटी		०	५४८२८९१.	०	५४८२८९१.
संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम		०	०	०	०
कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी			-२४१२६६.		-२४१२६६.
ङ. यो वर्षको बचत (न्युन)		३०५४०००.	-३५७९६०५.०७		-३५७९६०५.०७
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			५८१५९९३३.८६		५८१५९९३३.८६

वर्षान्तको बाकी रकम (ङ + च)		३०५४०००.	५४५८०३२८.७९		५४५८०३२८.७९

७ **अन्तर सरकारी वित्तीय अनुदान-** पालिकाले पेश गरेको वित्तिय प्रतिवेदनमा समावेश नभएका अन्य खर्च शिर्षकहरु निम्नानुसार छन् ।

सि. नं .	खर्च शीर्षक	निकासा रकम	खर्च रकम
१	सामाजिक सुरक्षा तथा संरक्षण	१४९६६७८७४.६८	१४९६६७८७४.६८
२	एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	२०२६०८४९	२०२६०८४९
	जम्मा	१६९९२८७२२.६८	१६९९२८७२२.६८

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

८ **भ्रमण अभिलेख** - भ्रमण खर्च नियमावली, २०६४ मा कर्मचारी भ्रमणको अभिलेख अध्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । यस कार्यको आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरेको छ ।

(क)भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष अनुगमन तथा भ्रमण कार्यमा रु. ३२१८५८१.०० खर्च गरेको देखिन्छ । उक्त खर्च भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएकोरखर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

(ख)आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा औचित्यको आधारमा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । लेखापरीक्षणको क्रममा दैनिक भ्रमण भत्ताको नमुना छनौट गरि परिक्षण गर्दा पालिकाले कर्मचारीहरुलाई दैनिक भ्रमण भत्ता भुक्तानी गर्दा अवस्यकता तथा औचित्यको आधारमा भुक्तानी दिनु पर्नेमा औचित्य पुष्टि हुनेगरि दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखिएन। पालिकाले यस तर्फ सुधार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **सवारी मर्मत अभिलेख** - सवारी सञ्चालन तथा मर्मत कार्यका लागि लगबुक तथा मर्मत अभिलेख कायम गर्नुपर्ने व्यवस्था अनुसार पालिकाले म. ले. प. फारम प्रयोग गरी व्यवस्थापन गर्नुपर्ने सम्वन्धमा निम्न व्यहोरा देखिएका छन् ।

(क)पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्ता व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समय क्रम अनुसारको अभिलेख दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

(ख)पालिकाले सवारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. ६१६९९८२ खर्च गरेको देखिन्छ । सवै किसिमको मर्मतको अवस्था देखिने गरी मर्मत अभिलेख राखेको छैन । साथै मर्मत वापतको रकम सिधै सम्बन्धित पार्टिलाई भुक्तानी दिनु पर्नेमा सो नगरि कर्मचारीले विल पेश गरि कर्मचारीको नाममा भुक्तानी भएको छ। यसले भुक्तानी लिएको कर्मचारीले मर्मत गराए।नगराएको यकिन हुन सकेन। साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण बार्षिकरुपमा मात्र गराएको देखियो । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण त्रैमासिकरुपमा गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **खर्च विश्लेषण** - पालिकामा यसबर्ष कुल आन्तरिक आयबाट रु. २८ लाख राजस्व बाँडफाँटबाट रु.२२ करोड ७० लाख १७ हजार र अनुदानबाट रु ५५ करोड ९२ लाख ३६ हजार र अन्य आयबाट रु ४ करोड ६० लाख समेत रु ८३ करोड ५ लाख ४६ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ५९ करोड ८६ लाख १३ हजार (७४ प्रतिशत) र पूँजिगत तर्फ रु २१ करोड ६ लाख हजार (२६ प्रतिशत) खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा लाख हजार (०.३५) प्रतिशत रहेको छ । यसबर्ष प्रशासनिक खर्च वापत रु ६ करोड ९ लाख ८७ हजार खर्च भएको छ जुन आन्तरिक आयको २२ गुणा बढी खर्च हो। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४ प्रतिशत चालु र २६ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । पालिकाले चालु खर्चलाई न्युनिकरण गरी पुँजिगत खर्चमा वृद्धि गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१२ **पदपूर्ति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित २१ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत, कृषि अधिकृत, पशु सेवा प्राविधिक, प्रशासन सहायक,सव इन्जिनियर, असिस्टेन्ट सव इन्जिनियर लगायत २९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **वडा सचिव को पदपूर्ति** - पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
९	९	५	४

सैद्धान्तिक बेरुजु

१४ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७६ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद ननाघेको पेश्की रु. १ लाख २६ हजार र म्याद सकिएको पेश्की रु ९ लाख ६९ हजार गरी कुल पेश्की रु.१० लाख ९५ हजार फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने रु

क्र.सं	पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिने ब्यक्ती फर्म वा कम्पनीको नाम	चालु आ. व.		
				म्याद ननाघेको	पेश्की फर्छ्यौट गर्नुपर्ने मिति	म्याद नाघेको
१	०५/२७/२०७९	कर्मचारीको बैठक भत्ता	लोकेन्द्र चन्द	१७००००.	२०७९/०६/३१	०

२	०८/२८/२०७९	मातृ तथा नवशिशु कार्यक्रम संन्चालन	बबिना नगरकोटी(खत्री)	२९९००० .	१०/०४/२०७९	०
३	०१/०३/२०८०	महिला स्वयंसेवीका अवलोकन भ्रमण खर्च	रुपेश कुमार श्रेष्ठ	१००००० .	०२/०७/२०८०	०
४	०२/२८/२०८०	विश्व औलो दिवस मनाउने किटजन्य रोग नियन्त्रण कार्यक्रमको अनुगमन एवम् मूल्याङ्कन तथा किटजन्य रोग नियन्त्रणका लागि बहुनिकाय अन्तरक्रिया गर्ने तथा Active Case Detection (औलो र कालाजार)	देवेन्द्र कुमार के.सी.	१००००० .	०३/३१/२०८०	०
५	२०८०/०२/३१	सुर्तिजन्य पदार्थ तथा मध्यपान सेवनको न्यूनिकरण सम्बन्धी संचार कार्यक्रम	देवेन्द्र कुमार के.सी.	२५,०००.००	०३/३१/२०८०	०
६	२०८०/०२/३१	राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (पोशाक प्रोत्साहन यातायात खर्च वार्षिक समिक्षा गोष्ठी र दिवस मनाउने खर्च समेत)	देवेन्द्र कुमार के.सी.	२००००० .	०३/३१/२०८०	०

७	२०८०/०२/३१	विद्यालय स्वास्थ्य शिक्षा/आमा समूह तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुका लागि सामाजिक ब्यवहार परिवर्तन कार्यक्रम	देवेन्द्र कुमार के.सी.	७५,०००.००	०३/३१/२०८०	०
८	०३/२३/२०८०	इन्धन (कार्यालय प्रयोजन)	विनोद आयल ट्रेडर्स	०	०५/३१/२०८०	१२६१८१.
कुल जम्मा				९६९०००.		१२६१८१.

४..........(प्रारम्भिक प्रतिवेदन उपर पेश्की फछ्र्यौट प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रु. १००००० ।- सम्परीक्षण गरिएको ।)

पेश्की	९,६९,०००

१५ **राजस्व दाखिला** - आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार ब्यात्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदि सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गरी श्रष्ता खडा गर्नुपर्ने तथा सो बमोजिम दाखिला नगरेको देखिन आएमा समबन्धित तालुक कार्यालय वा बिभागिय प्रमुखले १० दिन सम्म ढिला गरेको भए दाखिला गर्न बाकी रकम र सो रकमको १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम बिभागिय कारवाही समेत गर्न गराउन सक्ने कानुनी ब्यबस्था छ। पालिकाले वडा कार्यालयबाट असुल गरेको राजश्व रकम समयमा दाखिला गर्ने गरेको देखिएन। लेखापरिक्षणको क्रममा ९ वटा वडाको असुली र दाखिलाको बिबरण माग गरी परिक्षण गर्दा निम्नानुसार १ महिना भन्दा ढिला दाखिला गरेकोमा समेत जरिवाना असुल गरेको देखिएन। बर्षान्तमा दाखिला भएतापनि १ लाख भन्दा माथिको असुली १ महिनाभन्दा ढिला गरेको तथा वडानं १ ,५ र ६ को असुलि रकम आर्थिक बर्षको अन्तसम्म पनि दाखिला नगरी बाकी रहेको देखिएको ऐन अनुसार १० प्रतिशत जरिवाना समेत असुल गर्नुपर्ने रु

वडा नं	अवधि	असुली	महिना भित्र दाखिला	बाकी	१० प्रतिशत जरिवाना समेत	कैफियत
१	बार्षिक	५८३९९८	५८२२०३	१७९५	१९७५	आर्थिक बर्षको अन्त सम्म

						पनि दाखिला नगरेको
	भाद्र	१४८४७९	०	१४८४७९	१४८४७	पौष ५ सम्म दाखिला
	चैत्र	१०२११४	०	१०२११४	१०२११	असार १५ सम्म दाखिला
२	भाद्र र असोज	१४०४१४	०	१४०४१४	१४०४१	कार्तिक १७ सम्म दाखिला
	मंसिर , पौष , माघ	१२८४९०	०	१२८४९०	१२८४९	चैत्र ९ सम्म दाखिला
३	मंसिर	१५४३५८	८१९४३	१५४३५८	७२४१	पौष २१ सम्म दाखिला
	पौष	३०४४४३	१९२०५०	११२३९३	११२३९	फाल्गुण १८ सम्म दाखिला
४	श्रावण	१०५७१७	३८८४५	६६८७२	६६८७	भाद्र २६ सम्म दाखिला
	मंसिर	१०१६३२	०	१०१६३२	१०१६३	पौष १८ सम्म दाखिला
	फाल्गुण	१०४१९७	०	१०४१९७	१०४१९	चैत्र २० सम्म दाखिला
५	बार्षिक	७७६५४४	७७६३३३	२११	२३२	आर्थिक बर्षको अन्त सम्म पनि दाखिला नगरेको
६	बार्षिक	८१७५८८	६४५६७८	१७१९१०	१८९१०१	आर्थिक बर्षको अन्त सम्म पनि दाखिला नगरेको

	श्रावण, भाद्र	१७१९३१	०	१७१९३१	१७१९३	पौष सम्म दाखिला
	पौष र माघ	१११६०८	०	१११६०८	११११६०	बैसाख २४ सम्म दाखिला
७	श्रावण	६१२७५	०	६१२७५	६१२७	असोज ४ मा दाखिला
जम्मा					३२३४८५	

असुल गर्नुपर्ने	३,२३,४८५

१६ **राजस्व अनुमान तथा दाखिला**

१६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३३ करोड ४६ लाख २० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. २२ करोड ५३ लाख १० हजार प्राप्त गरी प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ

राजस्व उपशीर्षक	अनुमानित बजेट	प्राप्त रकम रु.
११३१४ भुमिकर/मालपोत	१००००००.	३१२४४६२४.२
११३१५ घरजग्गा रजिष्टेशन दस्तुर	५०५००००.	५६१८११६.०९
११३२१ वहाल कर	५०००००.	१०१२४५५०.
११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर	१८२०७१०००.	१२५१६१६९३.९९
११४२१ बाँडफाँड भई प्राप्त हुने अन्तःशुल्क	०	४११२११५८.१४

११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर	२९७४९०००.	१३७४७११६.५३
१४१५९ अन्य स्रोतबाट प्राप्त रोयल्टी	०	१५१०६०००.
१४२१३ अन्य बिक्रीबाट प्राप्त रकम	०	०
१४२१९ अन्य सेवा शुल्क तथा बिक्री	११००००००००.	-१८५८४८००.७१
१४२४३ सिफारिश दस्तुर	२००००००.	९७२१४०.
१४२४४ व्यक्तिगत घटना दर्ता दस्तुर	१०००००.	५०,०००.००
१४२४५ नाता प्रमाणित दस्तुर	५०००००.	२०३९५०.
१४२४९ अन्य दस्तुर	२५५००००.	५३८९४५.८
१४३१२ प्रशासनिक दण्ड जरिवाना र जफत	५०००००.	४,२००.००
१४६११ व्यवसाय कर	६०००००.	२,२५०.००
जम्मा	३३४६२००००.	२२५३०९९४४.०४

सैद्धान्तिक बेरुजु

१६.२ स्थानीय सरकार संचालन ऐन २०७५को दफा ६४ मा सिनेमा भिडियो हल साँस्कतिक प्रर्दशनहल तथा ऐतिहासिक स्थलको प्रवेश शूल्कमा ५ प्रतिशतका दरले मनोरन्जन कर उठाउन पाउने व्यवस्था रहेको छ । पालिकाले हालसम्म उक्त शिर्षकमा कुनै पनि रकम उठाएको पाइएन। आगामी दिनमा यस कर संकलनमा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६.३ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाको यस वर्ष व्यवसाय कर बापत रकम प्राप्त नभएको हुदा पालिकाले क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरी आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीलाई करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.४ गाँउपालिकापालिको बिभिन्न वडाको आम्दानी स्तर एकै प्रकारको नभएकाले प्रत्येक वडाको अवसर र संम्भावित आम्दानीका क्षेत्रको पहिचान गरी वडागत लक्ष्य तोक्ने र सो को अनुगमन गर्ने र लक्ष्य हासिल गर्न प्रोत्साहित गर्ने गरी करको दायरा बढाउन पहल गर्नु पर्दछ ।साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ।पालिका वडामा संकलन भएको राजश्व नियमानुसार दाखिला गर्नुपर्नेमा गत आ व को राजश्व यस आ व को भाद्र महिना सम्म दाखिला भएको हुदा उक्त कार्यमा सुधार गरिनुपर्दछ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले घर जग्गा बहाल कर बापत यस वर्ष कुनै पनि कर संकलन भएको देखिएन। पालिकाले वहाल कर सम्वन्धमा घर सर्वेक्षण (**HOUSEHOLD SURVEY**)गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६.५ स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार आफ्नो कार्य प्रभावकारी रुपमा पुरा गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६.६ नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. २१२ राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं २१३ को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **चौमासिक पुँजिगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५(१) मा कार्यक्रम कार्यान्वन गर्ने प्रत्येक कार्यालये अनुसुचि २ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप खर्च गरी आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सि.नं.	खर्च शीर्षक	कुल पूजिगत खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेस्रो चौमासिक	
1	पुँजिगत	२१०६४७	३७७९८	१३१७२	१५९६७५	७८७५५

सैद्धान्तिक बेरुजु

१८ **कानून निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ४ ऐन, ४ नियमावली, १ निति, १२ कार्यविधि,२ निर्देशिका, २ विधेयकर २ रणनीति समेत २७ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

सैद्धान्तिक बेरुजु

१९ **मुद्दाको विवरण** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ अनुसार पालिकाको उप–प्रमुखको नेतृत्वमा न्यायिक समितिले दफा ४९ अनुसार न्याय सम्पादनको कार्य गर्ने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष न्यायिक समितिको कार्य सम्पादन अवस्था देहाय बमोजिम छ। समितिको कार्यमा प्रभावकारिता ल्याउनुपर्ने देखियो ।

अ.ल्या	यस वर्ष थप	जम्मा	फछ्यौट संख्या	माथिल्लो निकायमा रिफर	मौज्दात
०	४६	४६	४०	३	३

सैद्धान्तिक बेरुजु

२० **करार सेवा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा

करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ५२ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. १५४१४१००।०० खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक खर्च व्यहोर्ने श्रोतको सुनिश्चितता नगरी संगठन तथा व्यवस्थापन सर्वेक्षणविना सामाजिक परिचालक, मेलमिलाम संयोजक, कार्यक्रम सहयोगी, खेलकुद प्रशिक्षक लगायत पदहरूमा २२ जना करार कर्मचारीहरूलाई यस बर्ष तलब भत्ता बापत रु. ६१४०७२०।०० भुक्तानी गरेको छ । यस्तो खर्च अनियमित देखिएको रु

अनियमित भएको	६१,४०,७२०

२१ **तलवी प्रतिवेदन** - निजामति सेवा ऐन २०४९ को दफा ७ (ख) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिशलेषणयोग्य बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **योजनाको दोहोरोपना** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसी तादम्यता तथा परिपूरकता मिलाउने व्यवस्था छ । योजना छनौट एवं सञ्चालन गर्दा संघीय सरकार, प्रदेश सरकार अन्तर्गतका निकायबाट सञ्चालित योजना र पालिकाबाट सञ्चालित योजनाबीच दोहोरोपना हुन नदिन आवश्यक समन्वय सहयोगको प्रणाली स्थापित गरी कार्य गर्नुपर्नेमा सो भए गरेको देखिएन । यस वर्ष सभाबाट स्वीकृत भई बजेट विनियोजन भएका कतिपय योजनामा प्रदेश तथा केन्द्रीय वजेटवाट र कतिपय कार्यक्रममा पालिकावाट समेत थप बजेट छुट्याएको देखिएबाट योजनामा बजेट दोहोरो परेको अवस्था छ । एउटै योजना तथा कार्यक्रम दोहोरो तथा तेहोरो रुपमा सञ्चालन नगरी बजेट एकै ठाउँबाट सञ्चालन गर्ने व्यवस्थाको लागि विगतको समेत अभिलेख अद्यावधिक हुन जरुरी देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२३ **क्षेत्रगत बजेट** - पालिकाको कुल बजेट ९८ करोड २ लाख ९४ हजार र खर्च ८० करोड ९२ लाख ६० हजार खर्च भई समग्रमा ८३ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेटको स्थिति निम्नानुसार रहेको छ

क स	क्षेत्रगत बजेट	खर्च रकम	खर्च प्रतिशत

१	आर्थिक विकास	३९७१२४८६	४.९१
२.	सामाजिम विकास	४६७७६८०६८	५७.८०
३.	पूर्वाधार विकास	९५४२५०९५	११.७९
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	९२२२७८१८	११.४०
५	कार्यालय संचालन तथा प्रशासनिक	११४१२७५१०	१४.१०
जम्मा		८०९२६०९७८	१००

उपर्युक्त विवरण अनुसार नगरसभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५७.८० प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिकमा १४.१० प्रतिशत, पूर्वाधार विकासमा ११.७९ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ११.४० प्रतिशत र आर्थिक विकास तर्फ ४.९१ प्रतिशत मात्र रहेको देखियो । अतः आर्थिक विकास, तथा वित्तिय व्यवस्थापन र सुशासन क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

२४ **स्थानीय तथ्याङ्क अभिलेख तथा स्रोत नक्साङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक भौगोलिक अवस्था प्राकृतिक श्रोत अन्तर्गत खानी जंगल तथा अन्य श्रोत पूर्वधार अन्तर्गत सडक पुल खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङकन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धि निति कानुन र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथामिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख व्यवस्थापनका लागी कानुन निर्माण गरी तथ्याङ्क संकलन तथा अभिलेखिकरण गर्न ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२५ **प्राविधिक बिल र कार्य सम्पन्न** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान बराबर नै मूल्याङकन भएको देखिएकोले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गरेका कतिपय कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्स अनुसार बिलमा खुलाउनु पर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको बिषयमा यकिन हुन

नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नम्स अनुसार को उपभोक्ता समिति वा लाभग्राही समुहहरुको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२६ **नापी किताव** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) को खण्ड ख मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताव मा उल्लेख वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। तर कार्यालयले मेजरमेन्ट बुकलाई लुज सिटको रुपमा तयार गरी रकम भुक्तानी गरिने विलमा संलग्न राखे गरेकोले दोश्रो तथा सो भन्दा पछाडीको रनिङ विलमा भुक्तानीमा नापी किताव अनुसारको खर्च कट्टी र खुद भुक्तानी रकम भिडान गर्न सकिने अवस्था रहेन। यसबाट अघिल्लो रनिङ विलको भुक्तानी कटाउन छुट हुन गई दोहोरो भुक्तानी हुन सक्ने जोखिम रहेको छ। अत दुई वा दुई भन्दा बढी रनिङ विल हुने निर्माण कार्यको रनिङ विलको अनिवार्य रुपमा नापी किलाब नै तयार गराई निर्माण कार्यको नापजाँचलाई दुरुस्त र प्रभावकारी बनाइनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२७ **बित्तिय बिबरण**

२७.१ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राखुपर्ने एंव सोही ऐनको दफा ६९ मा तोकीए अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्ने व्यवस्था भए बमोजिम आर्थिक कार्य प्रणाली व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२७.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेता पनि सबै आर्थिक कारोबारलाई समेट्न सकेको देखिएन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् ।

सैद्धान्तिक बेरुजु

२७.३ प्रस्तुत स्थानीय संचित कोष व्यवस्थापन प्रणालीढाँचाको बित्तिय प्रतिवेदन म.ले.प.फा.न. २७२ अनुसार गत बर्षको मोज्दात जिम्मेवारी रु ५८१५९९३४ मा अन्तर सरकारी अख्तियारी बाहेक यस बर्षको आम्दानी रु ८०९७१०४०९ र खर्च रु ८१३२९००१४ पश्चात आर्थिक बर्षको अन्तिम मौज्दात रु ५४५८०३२९ देखिन्छ।

सैद्धान्तिक बेरुजु

२७.४ पालिकाले स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SUTRA)लेदेखाएको आय-व्यय विचको फरक सम्बन्धमा कारण र आधार प्रस्तुत गरी लेखा टिप्पणी सहित खुलासा गरेको छैन ।

सैद्धान्तिक बेरुजु

२७.५ स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार वर्षान्तमा रु.१६ करोड २९ लाख ७७ हजार तिन सय एघार मौज्दात देखाएकोमा पालिकाले बित्तिय बिबरण २७२ मा यो बर्षको शुरुमा रु.५करोड ८१ लाख ५९ हजार ९ सय चौतिस जिम्मेवारी सारेको देखियो । जस अनुसार गत बर्षको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा आर्थिक बर्ष २०७९।८० मा रु. १० करोड ४८ लाख १७ हजार तिन सय सतहत्तर घटी जिम्मेवारी सरेको देखिएको छ। यस सम्बन्धमा पालिकाबाट म ले प फा न २७२ मा एकिन गरी आम्दानी बाध्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२८ **आन्तरिक नियन्त्रण प्रणाली** - आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५क वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरे पनि यथासम्भव दाखिला गरेको देखिएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• वडा कार्यालय तथा पालिका अन्तरगत रहेका स्वास्थ्य सांस्था, आयूर्वेद अस्पताल भेटेरिनरी लगायतको शाखामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइ तथा डोर हाजिरीहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• अधिकांस मर्मतका भुक्तानीहरूमा कार्यालय प्रमुखबाट मर्मत आदेश गराएको पाईएन।

• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले श्रममूलक तथा वास्तविक अपनत्व हुने आयोजनालाई प्राथमिकता दिएर उपभोक्ता समिति मार्फत गराउनु पर्नेमा जटिल सामाग्रीको आवश्यक पर्ने र जटिल प्रकृतिको संरचनाको निर्माण कार्य गरेको छ।

• भुक्तानी गर्दा सम्बन्धित पार्टीको नाममा भुक्तानी दिनु पर्नेमा सो नगरी कार्यालयको कर्मचारीहरूको नाममा भुक्तानी दिई निजहरू मार्फत भुक्तानी भएको भनि भरपाई पेश भएको।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः योजनामा पालना भएको पाईएन।

• वातावरणको संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२९ **रोयल्टी असुल नगरेको -** लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि -६ बमोजिम तराइका जिल्लाहरुमा ढुङगा, गिटि, बालुवा,ग्राभेल प्रति क्युव फिट रु ८ र माटो संकलनमा प्रति क्युव फिट रु ३ का दरले शुल्क लगाइ असुल गरीने ब्यबस्था छ। स्थानिय तहले आफ्नो क्षेत्र भित्रको नदिजन्य पदार्थ उतखनन् र संकलनमा प्रदेश आर्थिक ऐन अनुसार प्रति क्युफिट रोयल्टी असुलउपर गर्नुपर्ने ब्यबस्था छ।पालिकाभित्रका निम्नानुसारका निर्माण कार्यमा प्रयोग हुने माटो ,ग्राभेल, ढुङगा र गिटी, रितपुर्वकको कर बिजक जारी गरी खरिद गर्नुपर्नेमा ठाडो भर्पाइमा खरिद गरेको आधारमा उपभोक्ता समितिलाइ भुक्तानी गरेको देखियो। ठाडो भर्पाइमा खरिद बिक्री गर्दा नदिजन्य पदार्थको चोरी निकासी हुने र पालिकालाइ प्राप्त हुने रोयल्टी रकम प्राप्त नहुने हुदा यस्तो खरिद कार्यलाइ नियन्त्रण गरी मुल्यांकन भएको निर्माण सामाग्रीको मु. अ. कर समेतको रोयल्टी रकम उपभोक्ता समितिबाट असुल नहुदा यस स्थानिय तहको रु २४५९३३ घटी राजश्व असुल भएको रु

गो.भौ.मिति	योजनाको नाम	निर्माण सामाग्री	परिमाण घनमिटर	रोयल्टी रकम
१४-२०७९।५।२५	रासिपुल जाने बाटो ग्राभेल	ग्राभेल	२५४ घ. मि.	८१००८
१३-२०७९।५।२५	कृष्ण के.सि.को घर देखि सडक ग्राभेल	ग्राभेल	२०३	६४१४३

१२-२०७९।५।२५	महेन्द्रपुल देखि बाटो ग्राभेल	ग्राभेल	२१४	६८२५१
११-२०७९।५।२४	महालक्ष्मि महिला कृषि सहकारी सस्था लि.	ढुङगा गिटी बालुवा	६१	१९४५५
४५०-२०८०।३।२३	भुवन भवानी मन्दिर निर्माण	ढुङगा गिटी बालुवा	४१	१३०७६
जम्मा				२४५९३३

असुल गर्नुपर्ने	२,४५,९३३

३० आन्तरिक आय ब्यबस्थापन

३०.१ लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि -६ बमोजिम ढुङगा, गिटि, बालुवा,ग्राभेल, स्लेट, चुन ढुङ्गा, खरीढुङ्गा, भस्कट माटो र दहत्तर बहत्तर समेत ऐनमा उल्लेखित दरमा कम नहुने गरी प्रतिस्प्रधाको माध्यमबाट बिक्री गरी संकलित रकम स्थानिय र प्रदेश तह बिच बाँडफाँड गर्नुपर्ने ब्यबस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्र रहेका ८ वटा संकलन केन्द्रको आ.इ.इ. प्रतिबेदन २०७९ बमोजिम बार्षिक उतखनन् गर्ने अधिक्तम परिमाण १,३०,८६,१७८ क्युफिट मध्ये टिकुलिपुर घाट,जलालाघाट र झझरी खोलाको ३१,४७,२१९ क्युफिटको मात्र ठेक्का ब्यबस्था गरी ज्षठ मसान्त सम्म उत्खनन गर्नेगरी क्रमशः नेपाल बिल्डर्सलाइ २०७९।८।२७ मा रु ३१२५७८६ ,एस एन्ड कन्ट्रक्सनलाइ २०७९।१०।१० मारु ५७५७५५७ र रामलाल निर्माण सेवालाइ २०७९।९।२५ मा संकलन अनुमति दिएको देखिन्छ। यस सम्बन्धमा देखिएका ब्यहोरा निम्नानुसार छन।

सैद्धान्तिक बेरुजु

३०.२ ठेक्कानम्बर ७-झिझरी खोलाको सम्झौता रकम रु ५७५७५५७ मध्ये समझौताको शर्त नम्बर १० अनुसार प्रथम किस्ता सम्झौताको बखत रु १७,३०,०००, दोस्रो किस्ता रु २० लाख २०७९ फाल्गुण १० भित्र र तेस्रो तथा अन्तिम किस्ता रु २०,२७,५५७ चैत्र १५ भित्र बुझाउनुपर्ने र समयमा किस्ता नबुझाएमा बाकी रकममा १० प्रतिशत जरिवाना सहित बुझाउनुपर्ने ब्यबस्था भएकोमा प्रथम र दोस्रो किस्ता समयमा प्राप्त भइ तेस्रो किस्ताको रु २०२७५५७ त्रेत्र २७ देखि जेष्ठ २ सम्म ४ किस्तामा दाखिला गरेको

देखिएकोले सम्झौताको शर्त अनुसार तेस्रो किस्ताको १० प्रतिशत जरिवाना रु २,०२,७५६ समझौताकर्ता एस एन्ड एस कन्ट्रक्सनबाट असुल गरेको नदेखिएकोले जरिवाना रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२,०२,७५६

३०.३ ख २०७९ फाल्गुण १० भित्र र तेस्रो तथा अन्तिम किस्ता रु १०लाख चैत्र १५ भित्र बुझाउनुपर्ने र समयमा किस्ता नबुझाएमा बाकी रकममा १० प्रतिशत जरिवाना सहित बुझाउनुपर्ने ब्यबस्था भएकोमा प्रथम किस्ता मात्र समयमा प्राप्त भइ दोस्रो र तेस्रो किस्ताको २०८०।३।१८ र २०८०।३।२४ मा दाखिला गरेको देखिएकोले सम्झौताको शर्त अनुसार दोस्रो र तेस्रो किस्ताको १० प्रतिशत जरिवाना रु २,००,००० सम्झौताकर्ता नेपाल बिल्डर्सबाट असुल गरेको नदेखिएकोले जरिवाना रकम असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२,००,०००

३०.४ ठेक्कानम्बर ५ -जलालघाटफत्तेपुरको सम्झौता रकम रु २,३१,११,१११ मध्ये समझौताको शर्त नम्बर १० अनुसार प्रथम किस्ता सम्झौताको बखत रु ७२,५०,०००, दोस्रो किस्ता रु ५० लाख २०७९ माघ २० भित्र, तेस्रो किस्ता रु ५० लाख फाल्गुण २० भित्र र अन्तिम किस्ता रु ५८,६१,१११ चैत्र २० भित्र बुझाउनुपर्ने र समयमा किस्ता नबुझाएमा बाकी रकममा १० प्रतिशत जरिवाना सहित बुझाउनुपर्ने ब्यबस्था भएकोमा प्रथम र दोस्रो किस्ता मात्र समयमा प्राप्त भइ तेस्रो किस्ताको रु ५० लाख मध्ये फाल्गुण २० सम्म कुनै रकम प्राप्त नभएको र अन्तिम किस्ताको रु ५८,६१,१११ मध्ये चैत्र २० सम्म रु ५० लाख र २०८० बैसाख ४ मा रु १० लाख गरी तेस्रो किस्ता र अन्तिम किस्ताको रु ६० लाख मात्र असुल भइ रु ४८,६१,१११ कबोल रकम नै असुल हुन बाकी देखिएको छ। असुल हुन बाकी रकम मध्ये रु ३०,९२,५२२ वडानं ६ को सिधनवा बाटो पिचको भुक्तानी रकमबाट कट्टी गरी भुक्तानी गरेको देखियो। योजनको भुक्तानीबाट कट्टी बाहेक खुद असुल गर्नबाकी रु १७,६८,५८९ र शर्त बमोजिम समयमा असुल नभएको रु ४८,६१,१११ को १० प्रतिशत जरिवाना रु ४,८६,१११ समेत कुल रु २२५४७०० सम्झौताकर्ता रामलाल निर्माण सेवाबाटअसुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२२,५४,७००

३०.५ राजश्व असुलीमा असरः रनिम्नानुसारका घाटहरुमा प्रथम पटक सुचना प्रकाशन गरेकोमा कुनैपनि बोलपत्र नपरी ठेक्का ब्यबस्था नभएकोमा पुन ठेक्का ब्यबस्था गर्न नसक्दा उक्त स्थानमा डिपोजिट भइ आइइ प्रतिबेदन अनुसार यस बर्ष उत्खनन गरी बिक्री गर्न सकिने निम्नानुसारको परिमाणको राजश्व रकम न्युनतम रु ९२१५०६३१ असुलि हुन नसकेको देखियो।

ठेक्का नम्बर	घाट	उत्खनन हुने परिमाण क्यु फिट	न्युनतम रोयल्टी

१-२०७९।८०	मुकुवाखोला	२५०७३०७	२२५६५७६३
२-२०७९।८०	बगदैलाघाट	२४३८९९४	२१९५०९४६
४-२०७९।८०	सिजनियाघाट	११७६७८३	१०५९१०४७
६-२०७९।८०	खैरीखोला	२११८१५५	१९०६३३९५
८-२०७९।८०	आलिनगर घाँचरफर्का	१९९७७२०	१७९७९४८०
जम्मा		१०२३८९५९	९२१५०६३१

	सैद्धान्तिक बेरुजु

३१ **रकम असुली** (४८६-२०८०-३-२४):- अगैया टोल बिकास सस्थालाइ हरदेव बाटो निर्माण कार्यको ३९६ घ.मि.ग्राभेल कार्य र ह्युम पाइप समेतको रु ५५६६७९ कार्य मुल्यांकन गरी रु ४८५००० भुक्तानी गरेकोमा उपभोक्तासमितिले दुर्गा निर्माण सेवा सौरहवा -८ बर्दियाबाट २०८०।२।२६ को बिलबाट ४१२ घनमिटर र पालिकाको नदिजन्य पदार्थ उतखनन्को अनुमति पाएको सप्लायर्स एस एन्ड एस कन्ट्क्सनबाट २४०० घनफिट अर्थात ६८ घनमिटर खरिद गरेको संलग्न बिल भर्पाइबाट देखिन्छ। दुर्गा निर्माण सेवा सौरहवा -८ बर्दियालाइ २०८०।२।२६ को अवधिमा संकलन अनुमति दिइ रोयल्टी असुल गरेको प्रमाण पेश नभएकोले निजले बिक्री गरेको ४१२ घनमिटर ग्राभेलको प्रति घनमिटर रु ३६३.७३ ले रु १४९८५६ असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,४९,८५६

३२ **सफ्टवयेर खरिद** - नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । पालिकाले web base application software and mobile apps सफ्टवेयर खरिद गरी रु. ५९०००० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

३३ **दोहोरो सुविधा-** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७६ अनुसार पदाधिकारीलाई यातायात सुविधा बापत मासिक रु १२००० र १०००० का दरले सुविधा भुक्तानी गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले वडा अध्यक्ष र सदस्यलाई मासिक रुपमा यातायात बापतको सुविधा उपलव्ध गराईरहेको अवस्थामा थप यातायात तथा इन्धन खर्च भनी केहि पदाधिकारीको नाममा भुक्तानी भई दोहोरो भुक्तानी भएको हुदा उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

गो भौ नं र मिति	पदाधिकारीको नाम	कार्यक्रम	इन्धन बापत भुक्तानी लिएको थप रकम
५१३।०७९।११।३०	सोहन लाल थारु	विपद अनुगमन बापत	१४२३९

असुल गर्नुपर्ने	१४,२३९

३४ **फरक शिर्षकमा लेखांकन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा स्थानीय तहले विनियोजन ऐनमा तोके अनुसार सम्बन्धित खर्च शीर्षकमा खर्च लेखांकन गर्नुपर्ने व्यवस्था छ। नमुना छनौटको आधारमा लेखापरिक्षण गर्दा नगरपालिकाले निम्नानुसार खर्च बर्गिकरण र ब्याख्या बिपरित बिनियोजन भएको शिर्षक भन्दा फरक खर्च शिर्षकको बिल भर्पाइ राखि रु २७०८१२ लेखांकन गरेको नियमित दखिए

गो भौ मिति	खर्च बिबरण	बिनियोजन र लेखांकन	रकम
४८४-२०८०।३।२४	बिद्युतपोल र ह्युमपाइप खरिद	खैरी थारु गाउमा नाली निर्माण	१२००००
४४३-२०८०।३।२२	वडानं ९ नागरिक सहायता कक्ष कर्मचारी तलव, बैठक भत्ता , घरभाडा	आकश्मिक योजना	१५०८१२
जम्मा			२७०८१२

सैद्धान्तिक बेरुजु

३५ **दोहोरो भुक्तानी -** खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट सञ्चालित खानेपानी योजनाहरूमा मुख्य लाइन विस्तार र अन्य इन्टेकसहित संरचनाको कार्य ८० प्रतिशत अनुदान र सहायक वितरण लाइनमा उपभोक्ता समितिबाट श्रमदान गर्नुपर्ने व्यवस्था भएकोमा नमुना छनौट गरी परिक्षण गर्दा निम्नानुसार खानेपानी योजनामा पाइपलाइन विस्तारको खन्ने र पुर्ने कार्यको मात्र गाउँपालिकासँग सम्झौता गरी निर्माण ब्याबसायिको

बिल संलग्न गरी भुक्तानी भएको देखियो। खानेपानी कार्यालयको पाइप र गाउँपालिकाको योगदान तथा उपभोक्ता समितिको श्रमको एकीकृत लागत अनुमान तथा कार्य मुल्यांकन गरेको देखिएन। उपभोक्ता समितिले बेहोर्ने रकमको गाउँपालिकाबाट अनुदान दिन नमिल्ने हुदा पाइप प्राप्त गरेने निकायसँगको सम्झौता पेश गरी दोहोरो भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु

गो.भौ.मिति	योजनाको नाम	कार्य परिमाण र पाइपको लम्बाइ	भुक्तानी रकम	कैफियत
३९४-२०८०।३।२१	बर्दपुर खानेपानी तथा सरसफाई उपभोक्ता समिति	४७०० मि.-२११५ घ.मि.	११५००००	लक्ष्मी कन्ट्रक्सन प्रा.लि. लिमिटेड (स्था.ले.न.६०४३१५५२८) को रु १५००१६ को बिल संलग्न
३९२-२०८०।३।२१	गाभर खानेपानी तथा सरसफाई उपभोक्ता समिति	३७०० मि.-१६६५ घ.मि.	११६४००	नेपाल बिल्डर्स (स्था.ले.न. ३०२०४०२७४) को रु १३०००० को बिल संलग्न
४१९-२०८०।३।२२	रासी गौशाला खानेपानी तथा सरसफाई उपभोक्ता समिति	३५० मि.-५५३.५ घ.मि.	११३१००	ट्रेन्च खन्ने पुर्नेकार्य प्रति घन मिटर मेसिनको रु ७३.33 ले मुल्यांकन गर्नुपर्नेमा म्यानुअल दर रु ३२२.३९ले गरी बढि मुल्यांकन रु ८७१७१
जम्मा			३४४५००	

असुल गर्नुपर्ने	३,४४,५००

३६ **शैक्षिक सुधारका उत्कृष्ट कार्य** (५२७-२०८०-३-१९)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले सरकारी रकम खर्च गर्दा प्रयाप्त प्रमाण कागजातको आधारमा भुक्तानी दिनुपर्ने र सो रकमको सहि सदुयोग भए नभएको यकिन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवस्थापकीय तथा शैक्षिक सुधारका उत्कृष्ट कार्य गरेका विद्यालयलाई नतिजामा आधारित पोत्साहन भत्ता बापत गणेश मा वि लाई रु ५००००० भुक्तानी भएको छ । अनुदानबाट प्राप्त रकमलाई सम्वन्धित विद्यालयले कार्ययोजना अनुसार खर्च गरे नगरेको सम्वन्धमा अनुगमन गरी प्रतिबेदन लिनुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

३७ **वसन्ते मकै उत्पादन कार्यक्रम** - पालिकाले तरकारी तथा वसन्ते मकै उत्पादन कार्यक्रम [कृषि] कार्यक्रममा १५ लाख बजेट विनियोजन गरी पकेट कार्यक्रम संचालनको लागि इच्छुक सहकारी संस्थालाई आव्हान गरिएकोमा १ मात्र जनशक्ति महिला समुहले प्रमाण कागजात पेश गरी सारभुत रुपमा प्रभावग्राही ठहर गरी उक्त पकेट कार्यक्रम संचालन गर्नको लागी रु. ३०१२५०० को लागत अनुमान तयार गरी मिति २०७९।११।१८ देखि सुरु भई मिति २०८०।१।१० मा सम्पन्न हुने गरी २०७९।९।१३ मा सम्झौता भएको देखिन्छ ।उक्त जनशक्ती महिला समुहले तरकारी बल्क कार्यक्रम संचालन गर्ने भनी लागत अनुमान तयार गरी पठाएकोमा पालिकाले कार्यसम्पन्न भएको भनी गो भौ नं ७१।२०८०।३।१३ बाट १५ लाख भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) तरकारी तथा बसन्ते मकैको लागि बजेट विनियोजन गरिएकोमा तरकारी पकेटमात्र संचालन गरेको कार्यको लागि विगत बर्ष देखि नै तरकारी पकेट कार्यक्रम संचालन गरि आएको फर्मलाई छनौट गरी रकम विनियोजन गर्ने कार्य न्यायसम्मत देखिएन ।

ख) वितरण भरपाईमा कुल लागत अनुमान ३० लाख मध्ये मिना खड्का ले रु. ५८८१००, तिला वलीले रु.५५३४६६, आशा कुमारी वलीले रु.५३००००, बुद्धि कुमारी के सी ८६०९०० र चम्पा वली रु. १०१५१७ गरी एकै परिवारका सदस्यको नाममा मात्रै रु. २६३३९८३ भुक्तानी भएको हुदा उक्त पकेट कार्यक्रम कति को प्रभावकारी भए नभएको सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

ग) आकस्मिक कोष बापत रु १५०००० रकम विनियोजन गरी कार्य गरेको प्रयोजन नै नखुलेको हुदा त्यसको ५० प्रतिशत बापतको रकम रु ७५००० संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

(घ)तरकारीको विउमा एकमुष्ट ६ लाखको लागत अनुमान तयार गरी ५० प्रतिशतको अनुदान दिएकोमा कुल २० हेक्टर क्षेत्रफलमा कुल पकेट कार्यक्रम अवधीमा कुन कुन तरकारी बाली लगाउने हो सो को यकिन विवरण तयार नगरीकनै भुक्तानी दिएकोमा कुन कुन तरकारीको विउ खरिद भएको सो मध्ये पकेट कार्यक्रमको अवधिमा कति विउ लगाएको हो सो को स्थलगत अनुगमन गरी प्रतिबेदन लिनुपर्दछ ।

	असुल गर्नुपर्ने	७५,०००

३८ **नयाँ धानबाली पकेट विकास कार्यक्रम** (५३२-२०८०-३-१९)- पालिकाले आ.व. २०७९९/८० मा नयाँ धानबाली पकेट विकास कार्यक्रम संचालन गर्नको लागि सुचना प्रकासन गरी सारभुतरुपमा छनौट भएको ताजा तरकारी उत्पादक कृषक समुहलाई रु १२००००० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) पालिकाले पकेट कार्यक्रम संचालन गर्नुपुर्व उक्त समूहको परीक्षण गरी वास्तविक रुपमा कति क्षेत्रफल हो सो को माटो परीक्षण गरी कुन बालीको लागि उक्त जमिन उपयुक्त छ । सो कुराको यकिन गरी संचालन गरिने क्रियाकलापको लागत अनुमान तयार गरी कुन कुन क्षेत्रमा सम्वन्धित समूह र कुन कुन क्षेत्रमा पालिकाको लगानी हुने हो सो कुरा प्रष्ट उल्लेख गरी कार्यदेश दिनुपर्नेमा सो नगरी सम्वन्धित समुहले अध्ययन वेगर तयार गरेको लागत अनुमानमा पालिकाले सहमति दिएको कारण संचालित पकेट कार्यक्रम लक्ष्य केन्द्रित भयो भन्ने यकिन गर्ने आधार देखिएन ।

ख) मेरिनरी सामाग्रीको समेत कति हेक्टरको लागि कति आवस्यक पर्ने हो सो कुराको निर्कोल नगरिकनै कृषकलाई आवस्यकता परेको आधारमा पकेट कार्यक्रमको नाममा आफुखुसी मेसिनरी औजार खरिद गरी रकम भुक्तानी गरेको नियमसम्मत नभएकोले उक्त खरिद कार्यको पालिकाले स्थलगत अनुगमन गरी प्रतिवेदन लिनुपर्दछ।

ग) धानको विउ खरिद १५०० किलो को भुक्तानी भएकोमा नेपाल सरकारबाट ४ पटक खडा बाली परिक्षण गरेको प्रमाण तथा विउको उमार शक्ति परीक्षण नगरिकनै धानको विउ वितरण गरेको भनी भुक्तानी भएकोलले उक्त कार्य लक्ष्य अनुसार भए नभएको यकिन नभएको हुदा उक्त आपूर्ति भएको विउको परीक्षण गरेको प्रमाण पेश गर्नुपर्दछ ।

	सैद्धान्तिक बेरुजु

३९ **सिलाई कटाई तथा तरकारी सिप विकास तालिम** - पालिकाले सिलाई कटाई तथा तरकारी सिप विकास तालिम संचालन गरे बापत गो भौ नं ५३१।०८०।३।१९ बाट रु.६४००११ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्यसंचालन निर्देशिका २०७७ अनुसार सिपमूलक कार्यक्रमको प्रतिक्षकलाई मासिक रु १०००० र सहायक प्रशिक्षकलाई रु ७००० का दरले भुक्तानी दिन सकिने व्यवस्था रहेको छ । माथी उल्लेखित सिलाई सिप विकास तालिमको लागि प्रशिक्षक को लागि ३ महिनाको मासिक रु २०००० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु ३०००० असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	३०,०००

४० **वसन्ते मकै उत्पादन कार्यक्रम** (८३-२०८०-३-२२)- पालिकाले तरकारी तथा वसन्ते मकै उत्पादन कार्यक्रम अन्तर्गत बसन्ते मकै कार्यक्रम सम्वन्धि पकेट कार्यक्रम संचालन गर्न को लागि खाद्यान्न तथा तरकारी उत्पादन कृषि सहकारी संस्था लिमिटेड सँग सम्झौता गरी उक्त समुहले तयार गरेको लागत अनुमानको आधारमा सम्झौता गरी बसन्ते मकै प्रबर्दन कार्यक्रम संचालन गरेको रु १११७००० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो

।क) पकेट कार्यक्रम संचालन गर्नको लागि पालिकाले कृषि प्राविधिकको सिफारिसमा कुन कुन क्षेत्रमा कति परिमाणमा कुन बाली लगाउनुपर्ने हो सो को सिफारिस नगरि ३० लाखको लागत अनुमान तयार गरेकोमा २६ लाख ५ हजारको यान्त्रिक सामाग्री खरिद गर्ने गरी लागत अनुमान तयार गरेको देखियो। उक्त कार्यको पालिकाले ठेक्का बाट सामाग्री खरिद गरी प्राबिधिकको सिफारिसको आधारमा वितरण गर्नुपर्नेमा सहकारी संस्थाले सामाग्री खरिद गरी वितरण गर्ने कार्य नियम सम्मत नभएको हुदा आगामी दिनमा यस प्रकारको कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

ख) सामान खरिदको लागत अनुमान तथा टेक्निकल स्पेसिफिकेसन तयार नगरेको साथै सामानको बायोमेकानिकल इन्जिनियरले परिक्षण गरेको प्रमाण संलग्न नगरी ग्रिन एग्रोटेक सोलुसन प्रा ली बाट सिधै खरिद गरेको विजक न १६४ को १३ आइटम को विल रकम रु २६०५२५० आधार मा भुक्तानी दिएको हुदा उक्त सामाग्रीको गुणस्तर परीक्षण र बितरणको सम्बन्धमा पालिकाबाट अनुगमन गरी प्रतिबेदन लिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४१ **डाँटा भेरिफिकेसन कार्यको लागि नियमित बैटक** (५४९-२०८०-३-२१)- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयद्धारा जारी स्थानीय तहमा स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका २०७९।८० अनुसार डाँटा भेरिफिकेसन कार्यको लागि नियमित बैटक बापत देवेन्द्र कुमार के सी लाई रु ६०००० भुक्तानी भएको छ । कार्यविधिमा बैटक सम्वन्धि कुनै व्यवस्था नगरेको हुदा बैठक भत्ता बापत १४ जनालाई ५ पटकको रु १००० ले भुक्तानी दिने आधार पेश गर्नुपर्ने अन्यथा असुलगरी दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	६०,०००

४२ **अनुगमन प्रतिबेदन** (४०१-२०८०-१-१०)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ अनुसार सार्वजनिक निकायले आधिकारीक निकायबाट अनुगमन गरी रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले संघीय ससर्त अनुदान अन्तर्गत प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामाग्री अनुदानको लागि ५४ वटा विद्यालयको लागि रु ३२९२६५० भुक्तानी भएको छ । पालिकाले अनुगमन गरी उक्त रकम सहि सदुपयोग भए नभएको यकिन गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४३ **भर्पाइ - ✗........... *(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१।१।२ को निर्णयबाट रु. १४२१४६।- सम्परीक्षण गरिएको ।)***

प्रमाण पेश नगरेको	०

४४ **जनशक्ति मा वि बालापुर** - पालिकाले जनशक्ति मा वि बालापुरलाई ४ कोठे विद्यालय भवन निर्माणको लागि गो भौ नं १३१।०७९।११।३० वाट रु ४३८८००० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो।

क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट कार्य गर्दा श्रममूलक कार्य जसमा सम्वन्धित लाभग्राहीको अपनत्व हुने खालको योजनामात्र उपभोक्ता समितिबाट कार्य गराउन सकिनेमा विद्यालयमा संघीय ससर्त अनुदानमा उपलव्ध भएको विद्यालय कक्षाकोठा भवन निर्माणबापत उपलव्ध भएको अनुदानलाई विद्यालय व्यवस्थापनले उपभोक्ता समिति निर्माण गरी उक्त उपभोक्ता समितिबाट कार्य भएको हुदा आगामी दिनमा खरिद नियमावली अनुसारको प्रकृया अपनाई खरिद कार्य गर्नुपर्दछ ।

ख) विद्युत कार्यको लागि रु ५३९९१ भुक्तानी भएकोमा रु १९९२७ को मात्र विल पेश भएको हुदा खर्च प्रमाणित हुने प्रमाण पेश गर्नुपर्ने अन्यथा बढी भुक्तानी भएको रकम रु ३४०६४ असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	३४,०६४

४५ **बागेश्वरी असहाय बाल संरक्षण केन्द्र**

४५.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले प्रमाण कागजात सहित लेखा राखे र सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेश ससर्त चालू शिर्षकको गो भौ नं २।०७९।०७।२ र गो भौ नं ३।०७९।९।७ बाट बागेश्वरी असहाय बाल संरक्षण केन्द्रलाई असाहय बालबालिकालाई खाना खुवाउनको लागि क्रमसः रु ३८२३१७ र रु ११७६८३ गरी रु ५००००० भुक्तानी भएको छ । कति बालबालिकाले कति समयको लागि उक्त रकम वितरण गुरिएको हो सो सम्वन्धमा प्रयाप्त प्रमाण कागजात बेगर भुक्तानी भएको उक्त रकमको कति बालबालिकालाई खाना खुआएको हो खुल्ने अनुगमन प्रतिबेदन पेश हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

४५.२ पालिकाले यूवा प्रतिभा खोजी तथा प्रोत्साहन कार्य शिर्षकमा विनियोजनको भएको बजेटबाट २०,२१ र २२ गते संचालन भएको नमूना गाँउ सभा संचालन गरे बापत प्रताव सिंह थारु लाई गो भौ नं ३९७।०७९।१२।२९ बाट रु १२५००० भुक्तानी दिएको श्रेष्ता परीक्षण गरद् निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्यसंचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार वाह्य प्रशिक्षकलाई गाँउपालिका स्तरमा कार्यक्रम संचालन गर्दा कार्यपत्र सहित एक सेसनको १३०० का दरले भुक्तानी दिन सकिनेमा २ जना प्रशिक्षकलाई कार्यपत्र पेश नगरिकनै ६ दिनको १६०० का दरले भुक्तानी दिई यातायात खर्च बापत रु ४०००र युवराज खड्का लाई ५ वटा सेसनको प्रति सेसन १६०० यातायात खर्च बापत रु ६००० र समिर अलि अन्सारी लाई ५ वटा सेसनको प्रति सेसन १६०० र यातायत खर्च बापत रु ४००० गरी नमर्स भन्दा बढी भुक्तानी भएको रु १६८०० थप ब्ययभार पारेको आगामी दिनमा यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **भुवर भवानी बहुउद्देशिय कृषक सहकारी संस्था** (५३७-२०८०-३-२०)- पालिकाले धानबाली प्रवर्द्धन कार्यक्रमको लागि श्री भुवर भवानी बहुउद्देशिय कृषक सहकारी संस्था लिमिटेड ले तयार गरेको रु ५००३६२५ को लागत अनुमानको आधारमा ५० । ५० प्रतिशतको लागत साझेदारीमा धान प्रवर्द्धन कार्यक्रमको लागि सम्झौता गरी रु २५००००० भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) पालिकाले पकेट कार्यक्रम संचालन गर्नुपुर्व वास्तविक रुपमा कति क्षेत्रफल हो सो को माटो परीक्षण गरी कुन बालीको लागि उक्त जमिन उपयुक्त छ सो कुराको यकिनगरी संचालन गरिने क्रियाकलापको लागत अनुमान तयार गरी कुन कुन क्षेत्रमा सम्वन्धित समूह र कुन कुन क्षेत्रमा पालिकाको लगानी हुने हो सो कुरा प्रष्ट उल्लेख गरी कार्यदेश दिनुपर्नेमा सो नगरी सम्वन्धित समुहले अध्ययन वेगर तयार गरेको लागत अनुमानमा पालिकाले सहमति दिएको कारण संचालित प्रवर्द्धन कार्यक्रम लक्ष्य केन्द्रित भयो भन्ने यकिन गर्ने आधार देखिएन।

ख) मेरिनरी सामाग्रीको समेत कति हेक्टरको लागि कति आवस्यक पर्ने हो सो कुराको निर्कोल नगरि कृषकलाई आवस्यकता परेको आधारमा पकेट कार्यक्रमको नाममा आफुखुसी मेसिनरी औजार खरिद गरी रकम भुक्तानी गरेको नियमसम्मत नभएकोले उक्त खरिद कार्यको पालिकाले अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

ग) वोरिङ कार्यको लागि १० स्थानमा प्रति थान रु ५०००० का दरले रु ५ लाखको लागत अनुमान तयार गरी भुक्तानी भएकोमा लागत अनुमानको आधार पेश भएको छैन।

घ) मेशिनरी पावर टिलर २० एच पि को १० थान को रु २१५००००, मिनि टिलर ९ एच पि को ४ थानको रु ४२००००, स्प्रे ट्याङ्की २० थानको रु १२०००० र मोटर ३ इन्चको ३५ थान को ९१०००० गरी कुल रु ३६ लाख र वोरिङ्को ५ लाख गरी ४१ लाखको सामाग्री खरिद कार्यको बायो मेकानिकल इन्जिनियर द्धारा लागत अनुमान तथा स्पेसिफिकेसन तयार गरी सोहि अनुसार ठेक्का प्रकृया आव्हान गरी अर्को बायो मेकानिकल इन्जिनियर द्धारा परिक्षण गरिएको पि आई डी रिपोर्टको आधारमा रकम भुक्तानीको लागि सिफारिस गर्नुपर्नेमा सहकारी संस्थाले नेपाल सरकारको अनुदान लिई आफुखुसी सेयर सदस्यलाई आवस्यकताको आधारमा सामाग्री वितरण गरेको भनी भुक्तानी भएको रु ४१ लाखको सामाग्री खरिदको ठेक्का

फाइलको प्रमाणको साथै उक्त सामाग्री परिक्षण गरेको प्रमाण लिइ पालिकाले स्थलगत रुपमा अनुगमन गरी प्रतिबेदन लिनुपर्ने देखिन्छ।

ङ) उन्नत धानको विउ ३४०० के जी खरिद गरेको भनी रकम भुक्तानी भएकोमा उक्त खरिद भएको धानको विउको जर्मिनेसन टेष्टको रिपोर्ट र बालीको स्टान्डिङ्ग टेष्टको रिपोर्ट पेश गरेको देखिएन। गुणस्तर परिक्षण बेगर बितरण गरेको बिउको उत्पादनमा परेको प्रभाव सम्बन्धमा पालिकाले स्तलगत रुपमा अनुगमन गरी प्रतिबेदन लिनुपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

४७ **सेनटरी प्याड वितरण तथा व्यवस्थापन -** सेनटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि 2076 मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्वन्धीत स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा बढीमा प्रति विद्यार्थी १६ वटा सेनेटरी प्याड वितरण गर्ने गरी सम्वन्धीत विद्यालयको महिला शिक्षक वा कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रकृया सुचारु गरी तेस्को भरपाई तयार गरी अर्को महिनाको ७ गते सुचना पार्टिमा विवरण टास्नु पर्ने व्यवस्था उल्लेख गरेको छ । गाँउपालिकाले उक्त प्रकृया पुरा नगरी यस वर्ष उक्त शिर्षकमा गो भौ नं. ५६।०७९।८।२० बाट ए जि हेल्थ इन्डृष्टिज प्रा लि लाई रु. १९११११२ भुक्तानी दिएको छ। एक आ.व. मा जम्मा लाभग्राही विद्यार्थीको संख्या भन्दा बढी परिमाणमा सामाग्री खरिद गरी वितरण गरिएकोमा कार्यक्रमको उद्देश्य अनुरुप शिक्षाको गुणस्तरमा टेवा पुगेको/नपुगरेको भन्न सकिने आधार देखिएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् ।

क) पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु संख्या यकिन गरी पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमावर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ।खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

ख) ल्याव टेष्ट गरेरमात्र गुणस्तरीय प्याड वितरण गर्नुपर्नेमा सो नगरी वितरण तथा खरिद कार्य गरेकोले आगामी दिनमा आपूर्तिकर्ताले निर्याद गर्ने सामाग्रीको नेपाल सरकारको मान्यताप्राप्त ल्यावबाट क्यालिटि परीक्षणको प्रतिवेदन प्राप्त भइसकेपछिमात्र उक्त खरिद कार्य गर्नुपर्ने सो नगरेको देखिएकोले आगामी दिनमा उक्त कार्य गरेको प्रमाण संलग्न गरेरमात्र प्याड खरिद तथा विद्यार्थीलाई बितरणको कार्य गर्नुपर्दछ ।

ग) पालिकाले विद्यार्थीको संख्या यकिन गरेरमात्र अत्यावस्यक परिमाण मात्र खरिद गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४८ **शित भण्डार निर्माण** - पालिकाले शित भण्डार निर्माणको लागि रु. १५७७३७७०.१० को लागत अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा रु. ११५९०६३७.७७ कवोल गर्ने ग्रो अप कन्ट्रक्सन एण्ड विल्डर्स प्रा लि लाई मिति २०७९।१२।२९ सम्म निर्माण कार्यसम्पन्न गर्ने गरी मिति २०७८।१०।२६ सम्झौता

भएको छ । हालसम्म प्रथम रनिङ्ग विल बापत रु ८२३००० र दोस्रो रनिङ्ग विल बापत रु. गो भौ नं ९।०८०।१।१३ बाट रु. ३२७८७०० गरी कुल रु ४०८४३९७ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०क(३) अनुसार सार्वजनिक निकायले संशोधित कार्यतालिका पेश गर्न लगाई कम्तिमा २ वटा माइल स्टोन तोकी २०८० असाढ मसान्त सम्म म्याद थप गर्न सकिने व्यवस्था रहेको र सो अवधि सम्म समेत निर्माण व्यवसायीले त्यस्तो प्रगति हासिल नगरेमा नियम १२१ बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले पहिलो पटक मिति २०७९।१२।२९ गतेको निर्णय अनुसार पहिलो पटक मिति २०८० मसान्त सम्म म्याद थप गरेकोमा पुनःमिति २०८०।३।१ पुनः दोस्रो पटक म्याद थप गरी मिति २०८० पौष मसान्त सम्म थप गरेको देखिएकोमा लेखापरीक्षण अवधि सम्म समेत कुनै कार्यप्रगति भएको देखिएन। नियमानुसार पुर्वनिर्धारित क्षतिपुर्ति लिइ कार्य सम्पन्न गराउनुपर्ने देखिन्छ।

ख) गो भौ नं ८।०८०।१।१३ बाट दोस्रो रनिङ्ग विल बाट कुल कार्य रु ४०४८३९७.२५ बाट अधिल्लो रनिङ्ग विलको बापतको रु ८२३००० घटाई बाँकी रु ३२६१३९७ भुक्तानी हुनुपर्नेमा रु ३२७८७०० भुक्तानी दिई बढी भुक्तानी भएको रु १७३०३ आगामी बिलमा मिलान गरेको पेश गर्नुपर्ने वा असुल गरी दाखिला गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१७,३०३

४९ **भम्रण खर्च** - भम्रण खर्च नियमावली २०६४ को नियम ७(३) सार्वजनिक सुविधा प्राप्त हुने ठाँउमा एकै दिन गई फर्केन गरी सरकारी काममा काज खटी जाने पदाधिकारी वा कर्मचारीले यस नियमावली बमोजिम भम्रण खर्च र दैनिक भत्ताको पच्चीस प्रतिशत खाजा खर्च बापत रकम प्राप्त गर्ने व्यवस्था रहेको छ । त्यस्तै उपनियम ८ अनुसार कुनै प्रशासकीय जिल्लाको सदरमुकाम क्षेत्र वा रात विताउनुपर्ने गरी खटिएको स्थान देखि पन्ध्र किलोमिटरभित्र आफ्नो र आफ्नो परिवारको नाममा स्थायी धरवास भएका पदाधिकारी एवं कर्मचारीले त्यस्तो क्षेत्रमा भम्रण वा काजमा रहँदा दैनिक भम्रण भत्ता र होटेल बास खर्च नपाउने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको कर्मचारीलाई माथी उल्लेखित व्यवस्था विपरित हुने गरी पालिकाका विभिन्न वडाबाट पालिकामा कार्यक्रममा आउदा तथा प्रशासनिक सदरमुकाम नेपालगंज जादा समेत दैनिक भम्रण भत्ता वितरण गरेको देखियो। यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

गो भौ नं र मिति	भम्रण गर्ने कर्मचारी	स्थान	भुक्तानी रकभ
३।०७९।६।७	४ जना स्वास्च्यचौकी कर्मचारी	पालिकाको विभिन्न वडा देखि पालिका भवन	१०३००
३९९।०८०।१।६	७ जनालाई	फत्तेपुर स्वा चौ देखि ३ जना आ स्वा के बाट ३ जना र महादेवपुरी	४९१००

		स्वा चौ बाट ३ जना लाई दैनिक भम्रण भत्ता बापत	
			५९४००

सैद्धान्तिक बेरुजु

५० **तलव भत्ता बढी भुक्तानी**- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन २०७९।८० को बुदा नं ३ को अस्पताल तथा बर्थिङ्ग सेन्टरमा रहेका स्वास्थ्य संस्थाहरुमा २४ औ घन्टा प्रसुती सेवा संचालन गर्न करारमा अनमी नियुक्ती कार्यविधि अनुसार वर्थिङ्ग सेन्टरमा कार्यरत करार अनमीलाई मासिक २८६१० का दरले १२ महिनाको मात्र सेवा सुविधा उपलव्ध गराउन सकिने व्यवस्था रहेकोमा पालिकाले निम्नानुसारको बर्थिङ्क सेन्टरमा कार्यरत करार अनमीलाई स्वीकृत दर भन्दा बढी दरमा भुक्तानी भएको देखिएकोले तलव भत्ता, पोशाक खर्च र चाँडपर्व बापत भुक्तानीपाउने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु

कर्मचारीको नाम	स्वीकृत तलव अनुसार १२ महिनाको तलव	भुक्तानी तलव	भुक्तानी भएको पोशाक खर्च	बढी भुक्तानी
क्षेत्रा कुमारी वली	३४३३२०	३९४८२४	१००००	६१५०४
तारा कुमारी हमाल	३४३३२०	३९४८२४	१००००	६१५०४
मनिषा कुमारी चौधरी	३४३३२०	३९४८२४	१००००	६१५०४
राधिका चौधरी	३४३३२०	३९४८२४	१००००	६१५०४
संगिता परियार	३४३३२०	३९४८२४	१००००	६१५०४
हरिकला गिरी	३४३३२०	३९४८२४	१००००	६१५०४
जम्मा				३६९०२४

प्रमाण पेश नगरेको	३,६९,०२४

५१ **बढी भुक्तानी -** गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका २०७७ को अनुसुचि २ को तालिका नं १ अनुसार नँया लघु उद्यमी सिर्जना तर्फ विनियोजन भएको बजेटको उद्यम विकास सहजकर्ता परिचालनको लागि बढीमा २४ देखि ३३ प्रतिशत सम्म खर्च गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले यस वर्ष गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने बजेट शिर्षकमा रु २३६०००० विनियोजन भएकोमा त्यसको ३३ प्रतिशतले हुने ७७८८०० सम्म खर्च गर्न सकिने पालिकाले देहाय अनुसारका २ जना कर्मचारीलाई वढी भुक्तानी दिएकोदेखिएकोले बढि खर्च रकम स्थानिय संचित कोषबाट बेहोरी संघीय संचित कोषमा फिर्ता पठाउनुपर्नेरु

कर्मचारीको नाम	मासिक रु ३२९०२ को १२ महिना थप १ महिना चाडपर्व खर्च	पोशाक खर्च	कुल जम्मा भुक्तानी	भुक्तानी पाउनुपर्ने रकम	बढी भुक्तानी
त्रिशालु बुढाथोकी	४२७७२६	१००००	४३७७२६	३८९४००	४८३२६
मिठु कुमारी थारु	४२७६२६	१००००	४३७७२६	३८९४००	४८३२६
जम्मा					९६६५२

प्रमाण पेश नगरेको	९६,६५२

५२ **शैक्षिक गुणस्तर सुडृढीकरण एंव कार्य सम्पादन -** पालिकाले विद्यालयमा शैक्षिक गुणस्तर सुडृढीकरण एंव कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शीर्षकमा गो भौ नं ४५३।०८०।२।२५ बाट ६ विद्यालयलाई रु. ४२५०००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) आ सि टी ल्याव निर्माणको लागि शिवशक्ति मा वि लाई रु ६५०००० भुक्तानी भएकोमा पालिकाले कार्यविधि अनुसार लागत अनुमान तयार गरी आ सि टी ल्याव निर्माण गर्नुपर्नेमा १० थान ल्यापटप खरिद गरी रु ६५०००० भुक्तानी दिएको हुदा कार्यविधि विपरित खर्च नियम संगत नदेखिएको रु

ख) नेपाल राष्ट्रिय मा वि गुलरी लाई लाइब्रेररीको लागि रु ६५०००० उपलव्ध भएको रकम मध्ये १५०००० को डेकोरेसन गरेकोमा बाँकी ५ लाखको विभिन्न राइटरको पुस्तक खरिद गरेको भनी विल पेश

गरी रकम भुक्तानी भएको छ । पालिकाले आगामी दिनमा पुस्तकालय निर्माण गर्दा लागत अनुमान सहित कार्यसम्पन्न तयार गरी पालिकाबाट अनुगमन गर्ने गरी दिनु पर्दछ।

अनियमित भएको	६,५०,०००

५३ **हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रम** (४२७-२०८०-२-८)- स्थानीय तहमा स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका २०७९।८० को हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रम संचालन क्रियाकलाप संचालन गरे बापत रु. १०६५००० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) स्थानीय तहमा स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका २०७९।८० को हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन कार्यक्रम संचालन क्रियाकलाप संचालन गर्दा एक स्थानीय तहमा अनुगमन तथा मूल्याङ्कन कार्यमा बढीमा रु २५००० खर्च गर्न सकिने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यक्रम संचालन गर्दा अनुगमन शिर्षकमा रु ८०७१६ खर्च गरेकोले नमर्स भन्दा वढी खर्च गरेको रु ५५७१६ संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	५५,७१६

५४ **खाधान्न बाली उन्नत विउ उपयोग** (५४२-२०८०-३-२०)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार अधिकार प्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शीर्षकमा परेको कुरा यकिन गरेरमात्र खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले खाधान्न बाली उन्नत विउ उपयोगमा अनुदान शीर्षकमा विनियोजन भएको बजेट बाट खाद्यान्न बालीको उन्नत विउ उत्पादन गरी सप्लाई गर्ने गरी संघीय कृषि तथा पशुपन्छी मन्त्रालयमा सुचिकृत समुहलाई मात्र उपलव्ध गराउन सकिनेमा यस पालिकाको लागि सिफारिस नै नभएका फर्महरु उन्नत वीज बृद्धि कम्पनी प्रा ली लाई रु १५५९३, जनउत्थान कृषि फर्मलाई रु २८५८६२, जनजागरण बहुउद्देशीय सहकारी संस्था लि लाई रु १४४६५५, प्रतिक कृषि तथा विउ विजन सहकारी संस्था लि लाई रु २९२६००, श्री ज्ञान विज्ञान कृषि सहकारी संस्था लि लाई रु ४९५०० र मोतिपुर बहुउद्देश्यीय कृषक समुह लाई रु १८६६४२ भुक्तानी दिएको देखियो। उक्त ६ वटा सहकारी संस्था तथा फर्मले आपूर्ति भएका धानको विउ विभिन्न वडामा बाडेको प्रमाण पेश भएको छ । उक्त सप्लायर्सले खडा बाली परीक्षण प्रतिवेदन तथा उमार शक्ति परीक्षण गरेको प्रमाण संलग्न नगरि भुक्तानी भएको हुदा पालिकाबाट बितरण गरेको बिउको उत्पादन बृद्धि सम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिवेदन लिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५५ **स्थानीय पाठ्यक्रमको प्रयोग र एकीकृत पाठ्यक्रम मूल्याङ्कन सम्वन्धि क्षमता विकास तालिम** - पालिकाले स्थानीय पाठ्यक्रमको प्रयोग र एकीकृत पाठ्यक्रम मूल्याङ्कन सम्वन्धि क्षमता विकास तालिम संचालन गरे

बापत गो भौ नं २५।०८०।३।२० बाट राममणि बस्नेत लाई रु ३२५१५५ भुक्तानी दिएको श्रेष्ता परीक्षण गर्दा निम्मानुसारको व्यहोरा देखियो .

क) कार्यसंचालन निर्देशिका २०७७ अनुसार सहभागीलाई दैनिक ७०० का दरले सहभागी भत्ता दिन सकिने व्यवस्था रहेकोमा मिति ३।१ देखि ३।२ मा संचालन भएको कार्यक्रमका लागि २७ जनालाई २ दिनको रु १००० का दरले भुक्तानी दिई बढि भुक्तानी भएको रु १६२००, यातायात खर्च बापत २६ जनलाई २ दिनको एकमुष्ट रु २०० का दरले भुक्तानी दिनुपर्नेमा रु १००० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु२१६०० र आन्तरिक प्रशिक्षक लाई कार्यपत्र तयार नगरीकनै २ जना प्रशिक्षकलाई भुक्तानी भएको रु ३००० गरी कुल बढि व्ययभार पारेको हुदा आगामी दिनमा सुधार गर्नुपर्दछ ।

ख) त्यस्तै मिति २।३१ देखि २।३२ मा संचालन भएको कार्यक्रमका लागि २७ जनालाई २ दिनको रु १००० का दरले भुक्तानी दिई बढि भुक्तानी भएको रु १६२००, यातायात खर्च बापत २७ जनलाई २ दिनको एकमुष्ट रु २०० का दरले भुक्तानी दिनुपर्नेमा रु १००० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको रु२१६०० र प्रशिक्षक श्री ऋषिराम शर्मा लाई कार्यपत्र तयार नगरीकनै ६ सेसनको रु १००० का दरले रु ६००० र अन्य २ जना प्रशिक्षकलाई ३ सेसनको रु ३००० गरी ९००० समेत कुल ४८८०० बढी व्ययभार पारेको हुदा आगामीमा मितव्ययिता कायम गर्ने गरी कार्यक्रम संचालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५६ **विद्यालय नर्स** (३७५-२०७९-१२-२०)- स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी स्थानीय तह कार्यक्रम संचालन मार्गदर्शन २०७९।८० को विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम अनुसार विद्यालय नर्सको पारिश्रमिकका लागि प्रति विद्यालय नर्स प्रति महिना रु ३०२०० का दरले १२ महिनाको लागि मात्र तलव भत्ता भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । कार्यालयले निम्नानुसार विद्यालय नर्सको रुपमा कार्यरत नर्सिङ्ग कर्मचारीलाई मासिक ३०२०० का दरले भुक्तानी दिनुपर्नेमा ४ जना विद्यालय नर्सलाई पोशाक खर्च जनही रु १०००० र मासिक रु ३४२२० का दरले भक्तानी दिएको देखिएकोले बढी भुक्तानी पाउने आधार पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु

कर्मचारीको नाम	भुक्तानी हुनपर्ने तलव	भुक्तानी तलव	भुक्तानी भएको पोशाक खर्च	बढी भुक्तानी
शान्ति मल्ल	३०२००	३४२२०	१००००	१४०२०
उषा शाह	३०२००	३४२२०	१००००	१४०२०
सुमन कुमारी थारु	३०२००	३४२२०	१००००	१४०२०
सवित्रा चौधरी	३०२००	३४२२०	१००००	१४०२०
जम्मा				५६०८०

प्रमाण पेश नगरेको	५६,०८०

५७ **स्थानीय पाठ्यक्रम निर्माण** (५०-२०८०-३-१९)- पालिकाले स्थानीय पाठ्यक्रम निर्माण बापत १९ जनालाई रु. ७८९९८० भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्यसंचालन निर्देशिका २०७७ को बुदा नं ७ अनुसार कानूनमा भएको भन्दा बाहिरको समितिको बैठक भत्ता वितरण गर्न नसकिने व्यवस्था रहेकोमा शिक्षक दरवन्दी मिलान समितिको उप समितिको विभिन्न समयको बैठक भत्ता बापत सयोजन मदन बहादुर वली संयोजक सहित सदस्य सचिव जिनव न्यौपाने सहित ६ सदस्यिय टोलीलाई ७ दिनको ५०० का दरले र २ जना सवारी चालक लाई ३ र २ दिनको ५०० का दरले रु २३५०० को १५ प्रतिशत कर कट्टी गरी रु१९९७५ भुक्तानी गरेको देखियो। पाठ्यक्रम निर्माणमा खर्च लेखि शिक्षक दरबन्दी मिलान समितिको बैठकभत्ता बितरण गरेको नियमित नदेखिएको रु

ग) विद्यालयको प्र अ.को मिति २०७९।११।०५ को बैठक अनुसार क्यालेन्डर छपाई उपसमितिको ५ जना सदस्यलाई २ दिनको प्रति दिन १००० का दरले कर बाहेक रु १०६२५ भत्ता भुक्तानी गरेको देखिएकोले पाठ्यक्रम निर्माणमा खर्च लेखि क्यालेन्डर छपाई उपसमितिको बैठक भत्ता भुक्तानी गरेको नियमित नदेखिएको रु

अनियमित भएको	३६,०००

५८ **लक्ष्मी मा वि** (४२८-२०८०-२-८)- लक्ष्मी मा वि ले गत बर्ष बर्षान्तमा पढ्दै कमाउदै शीर्षकमा विनियोजन भएको संघीय ससर्त बजेटबाट बर्षान्तमा पेश्की बापत भुक्तानी भएकोमा यस आ व मा गो भौ नं ४२८।०८०।२।८ बाट पेश्की समायोजन गरी रु ५ लाखको पेश्की फर्छ्यौट गरेको श्रेष्ता परीक्षण गरेको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) विभिन्न जातको बाख्रा तथा रु १८०००० को वयर जातको बोका खरिद गरेको भनी कागजात पेश गरेकोमा लेखापरीक्षणको दौरान उक्त बाख्राहरुको विमा गरेको प्रमाण तथा स्वास्थ्य जाँच गरेको प्रमाण पेश नभएको साथै बयर जातको वोकाले काम गर्न नसकेको भनी बोकालाई खसि बनाएको जवाफ पाइएको हुदा बाख्रा खरिदसम्बन्धमा स्थलगत अनुगमन गरी प्रतिबेदन लिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५९ **स्यानिटरी प्याड खरिद** (५१९-२०८०-३-१९)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व निमयावली २०७७ को नियम ३८(२) अनुसार अधिकारप्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बाट

सम्वन्धित खर्च शीर्षकमा परे नपरेको यकिन गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड खरिद शीर्षकमा विनियोजन भएको रकमबाट ५४ वटा विद्यालयको लागि रु ८९६७८६ स्थानीय पाष्ठपुष्तक छपाई तथा लागु गर्ने कार्यमा भुक्तानी भएको हुदा उक्त शीर्षक विपरीत हुने गरी खर्च लेखेकोनियमित नदेखिएको रु

अनियमित भएको	८,९६,७८६

६० **मेड्पा कार्यक्रम संचालन -** पालिकाले मेड्पा कार्यक्रम संचालन गरे बापत त्रिशालु बुढाथोकीलाई ४५ दिने एडभान्स तालिम संचालन गरे बापत गो भौ नं ५०७।०८०।३।१५ बाट रु १९९९९६ भुक्तानी भएको श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्यसंचालन निर्देशिका २०७७ अनुसार सिपमूलक कार्यक्रमको प्रतिक्षकलाई मासिक रु १०००० र सहायक प्रशिक्षकलाई रु ७००० का दरले भुक्तानी दिन सकिने व्यवस्था रहेको छ । पालिकाले माथी उल्लेखित कार्यक्रमको लागि सो भन्दा बढी हुने गरी मासिक रु ३०००० का दरले १.५ महिनको रु ४५००० भुक्तानी दिएको हुदा नमर्स भन्दा बढी भुक्तानी गरी रु ३०००० ब्ययभार पारेको देखिएकोले निर्देशिका बमोजिम भुक्तानी गर्नुपर्दछ।

ख) पदाधिकारीलाई आफ्नो कार्यक्षेत्र भित्र अनुगमन गरे बापत रकम भुक्तानी दिन नसकिनेमा उपाध्यक्ष श्री मनिसा सिंह थारु र शालिकराम डाँगी लाई २ दिनको जनही १००० का दरले अनुगमन भत्ता उपलव्ध गराएको देखिएकोले उक्त रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

ग) आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १२७ अनुसार कुनै सरकारी निकायले उत्पादन गरेको मालसामान विक्रि गरी उक्त रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले माथि उल्लेखित कार्यको लागि कच्चा पदार्थको लागि रु ५१५१६ खर्च गरेकोमा उक्त कार्यबाट कति सामाग्री उत्पादन भयो उक्त सामाग्री विक्री वितरण गरी उक्त रकम संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ ।

घ) एडभान्स तालिम ४५ दिन संचालन गरेको भनी हाजिर रजिष्टरमा एकै प्रकारको मसिले एकै पटक हाजिर गरेको जस्तो देखिने हाजिरी रजिष्टरमा प्रशिक्षार्थीको हस्ताक्षर रहेको तथा प्रतिक्षकले ४५ दिनमा कुन कुन विषयमा सिप सिकाएको हो सो खुल्ने आधिकारीक प्रमाण पेश नभएको हुदा आगामी दिनमा कुन कुन दिनमा कुन कुन विषय पढाउने हो सो कुरा समेत खुलाएर मात्र सम्झौता गरी कार्यालय प्रमुखबाट उक्त कार्य सेडुअल प्रमाणित गरी सो को लाभ लागत तथा प्रभावकारीता मापत गरी सो को आधारमा रकम भुक्तानी गर्नुपर्दछ ।

असुल गर्नुपर्ने	४,०००

६१ **प्राविधिक धार संचालन** (४२५-२०८०-२-७)- पालिकाले प्राविधिक धार संचालन भएको लक्ष्मी मा वि लाई प्रति विद्यार्थी लागतका आधारमा २४ लाख भुक्तानी भएकोमा उक्त रकम बाट कक्षा ९ देखि १२ सम्म प्राविधिक धार अध्ययनरत विद्यार्थिलाई जनही रु १००० का दरले रकम बुझाउनुपर्ने तथा ल्याव असिष्टेन्ट

लाई नियुक्त गरी तलव भत्ता भुक्तानी लागि प्रति विद्यार्थि १०००० का दरले विद्यालयको खातामा अनुदान स्वरुप उपलव्ध गराई उक्त रकम बाट ल्याव असिष्टेन्ट नियुक्त गरी तलव भत्ता भुक्तानी गरेको प्रमाण सहित प्राविधिक धारमा अध्ययनरत विद्यार्थीको डाटा खुल्ने विवरण सहितको अनुगमन प्रतिवेदन पेश नभएको हुदा अनुदान रकमको सदुपयोग भए नभएको सम्बन्धमा पालिकाले स्थलगत अनुगमन गरी प्रतिबेदन पेश गर्नपर्ने देखियो।

सैद्धान्तिक बेरुजु

६२ **नर्सस भन्दा बढी भुक्तानी** (५२२-२०८०-३-१९)- पालिकाले यस वर्ष २०७९।८० को लागि वडा नं ४, ९, ५, ८, ९ मा सडक यातायात अन्तर्गत कच्ची नाली खन्ने काम ६५६० मिटर, सुख्खा देवल निर्माण कार्य १८ मिटर र खानेपानी पाइप बिछाउने ६९० मिटर खन्ने कार्यको ७५ जनालाई ३८३९ को दिनको ५७७ का दरले २१९२९५२ भुक्तानी भएको प्रगति विवरण पेश गरेको आधारमा श्रेष्ता परीक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) नर्सस भन्दा बढी भुक्तानी : सार्वजनिक खरिद नियमावली २०६४ अनुसार सार्वजनिक निकायले स्वीकृत लागत अनुमानको आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको निर्माण कार्यको लागत अनुमान भन्दा बढी हुने गरी भुक्तानी गरी बढि व्ययभार पारेको रु ३३०७०७

गो भौ नं र मिति	निर्माण कार्यको नाम	कार्य	स्वीकृत दर	भुक्तानी दर	भुक्तानी परिमाण	बढी भुक्तानी
५२२।०८० ।३।१९	०५ मा जुरपानी हरि सुनारको घर देखि पूर्व गरिवलालको धर सम्मको बाटो	एक्साभेसन	३४६	४६२	३००	३४७४०
		साइट किलिरेन्स	९	१३.२७	६०७	२५९१
	बालापुर पेरानी ओभरी तथा धमौली बाटो नाली सफा गर्ने कार्य	एक्साभेसन	३४६	४६२	६७५	७८३००
	महादेवपुर गा पा स वडा नं	साइड किलिरेन्स	९	१३.२७	१८६०	७९४२.२

	१ देखि ५ सम्म नाली सफा गर्ने					
		एक्साभेसन	३४६	४६२	१४८८	१७२६०८
		माटो पुर्ने कार्य	२८८.५	४६२	१९९	३४५२६
जम्मा						३३०७०७

ख) दोहोरो खर्च- रोजगार सृजनामा विनियोजित बजेटबाट कार्यक्रम संचालन गर्दा पालिकाले योजनामा दोहोरो नपर्ने गरी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं ९ ढकेरी उथैन खानेपानी तथा सरसफाई आयोजनाको नाममा खानेपानी तथा सरसफाई डिभिजन कार्यालयबाट अर्को योजना (टिटिहिरिया खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट ३०० मिटर पाईप) बाट पाइप सापटी रुपमा ल्याई उपभोक्ता समितिले उक्त पाइप जनश्रमदान स्वरुप आफै पुर्नुपर्नेमा रोजगार श्रृजना बजेटबाट महादेवपुर गा पा स वडा नं १ देखि ५ सम्म नाली सफा गर्ने समिति बनाई कार्य गरेको रु ८६७५० भुक्तानी दिएको छ । उपभोक्ता समितिले आफै गर्नुपर्ने कार्य रोजगार सृजना शीर्षकबाट खर्च लेखेकोदेखिएकोले उपभोक्ता समितिले श्रमदान बेहोरी दोहोरो नपरेको प्रमाण पेश हुनुपर्ने अन्यथा टिटिहिरिया खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट असुल गरी संघीय संचित कोषमा फिर्ता पठाउनुपर्ने रु

	प्रमाण पेश नगरेको	४,१७,४५७

६३ **सिलाई कटिङ्ग लेभल १ तालिम संचालन**- पालिकाले गरिवि निवारणको लागि सिलाई कटिङ्ग लेभल १ तालिम संचालन गरे बापत त्रिशालु बुढाथोकीलाई गो भौ नं ५२४।०८०।३।१९ बाट रु ३५५५०८ भुक्तानी भएको श्रेष्ता परिक्षण गर्दा निम्नानुसारको व्यहोरा देखियो ।

क) कार्यसंचालन निर्देशिका २०७७ अनुसार सिपमूलक कार्यक्रमको प्रतिक्षकलाई मासिक रु १०००० र सहायक प्रशिक्षकलाई रु ७००० का दरले भुक्तानी दिन सकिने व्यवस्था रहेको छ ।पालिकाले सिलाई कार्यक्रममा प्रशिक्षकको रुपमा भुक्तानी लिने श्री रंगिलाल थारुलाई ७८ दिनको हाजिरी गरेको आधारमा ३ महिनाको मासिक रु २०००० का दरले भुक्तानी दिई बढी भुक्तानी भएको ३०००० असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

ख) यातायात खर्च बापत मिरु कुमारी थारु तथा त्रिशालु बुढाथोकीलाई २ दिनको जनही रु १००० का दरले यातायात खर्च भुक्तानी भएको रु४००० रकम असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

ग) अनुगमन बापत ३ जना राधा कुमारी पुन, मनिसा सिंह थारु र ओम प्रकास देवकोटालाई २ दिनको रु १००० प्रति दिनका दरले अनुगमन बापत भुक्तानी भएको रु ६००० असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

घ) गरिवि निवारण कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार यान्त्रिकरणमा सम्वन्धित लाभग्राहीको २० प्रतिशतका लागत साझेदारी हुनपर्नेमा ५ वटा सिलाई कटिङ्ग मेसिन रु ७६२८९ भुक्तानी गर्दा त्यसको २० प्रतिशतले हुने रु १५३७ असुल गरी दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	४१,५३७

६४ **अपाङ्ग सशक्तिकरण एंव संचार अभियान** (१८-२०८०-३-२४)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार सार्वजनिक निकायले प्रमाण कागजात सहित लेखा राख्ने र सो को आधारमा भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै विशेष योजना कार्यन्वयन कार्यविधि २०७५ अनुसार सार्वजनिक निकायले जुन योजना र जुन कार्यमा विशेष अनुदान प्रदान भएको हो, सोहि विधि तथा कार्यको लागि सोहि योजनामा रकम खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेश विशेष योजना अन्तर्गत अपाङ्क आश्रम राप्ती सोनारीलाई रु ७ लाख बजेट विनियोजन भएकोमा अपाङ्ग आश्रमको भवन निर्माण बापत अपाङ्ग सशक्तिकरण एंव संचार अभियानलाई रु ६७८५०० भुक्तानी भएको छ । बिशेष अनुदान कार्यान्वयन कार्यबिधि २०७९ को दफा ८ मा बिशेष अनुदानको योजनालाई उपभोक्ता समिति द्धारा सन्चालन गर्न नपाइने ब्यबस्था भएकोमा गैर सरकारी सस्थाबाट गराएको नियमित नदेखिएको रु

अनियमित भएको	६,७८,५००

६५ **शिक्षक अनुदान**- स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानिय तहले वित्तीय समानिकरण अनुदानबाट शिक्षक तलव भत्ता भुक्तानी गर्न नमिल्ने व्यवस्था रहेकोमा पालिकाले विद्यालयको दरवन्दी मिलान तथा ओ एण्ड एम सर्भे नगरि यस बर्ष ३८ वटा विद्यालयलाई प्रथम किस्तामा रु ८२५०३५२ र दोस्रो किस्तामा रु १२८११६३ गरी कुल रु. ९५३१५१५ शिक्षक तलव भत्तामा निकासा दिएको देखियो। बिक्षकको तलव भत्तामा शशर्त तर्फ बजेट बिनियोजन भएकोमा बिद्यार्थि संख्याको आधारमा शिक्षकको दरबन्दी एकिन नगरी निम्न बिद्यायालयहरुलाइ समानिकरण अनुदानबाट थप अनुदान दिएको नियमित नदेखिएको रु.

क्र. सं.	विद्यालयको नाम	ठेगाना	संचालित कक्षा	प्रथम निकासा	दोस्रो निकासा	जम्मा निकासा
१	श्री शिवशक्ति प्रा वि	राप्ती सोनारी-१ सौंरी	० देखि ३ सम्म	१३५०० ०	०	१३५०० ०
२	श्री नेपाल राष्ट्रिय प्रा वि	राप्ती सोनारी-१ खोकरी	० देखि ३ सम्म	१३५०० ०	४५०००	१८००० ०

३	श्री ज्ञानपुर्णोदय प्रा वि	रासी सोनारी-१ बाघखोर	० देखि ५ सम्म	१३५०० ०	०	१३५०० ०
४	श्री कुसुमेश्वर मा वि	रासी सोनारी-१ कुसुम	० देखि १२ सम्म	३००००	०	३००००
५	श्री सिद्धेश्वर महादेव मा वि	रासी सोनारी-१ लौकी	० देखि १० सम्म	१३५०० ०	०	१३५०० ०
६	श्री नेपाल राष्ट्रिय आ वि	रासी सोनारी-२ राजपुर	० देखि ८ सम्म	१३५०० ०	४५०००	१८००० ०
७	श्री शहिद स्मारक आ वि	रासी सोनारी-२ खोरिया	० देखि ८ सम्म	१६५०० ०	०	१६५०० ०
८	श्री नेपाल राष्ट्रिय आ वि	रासी सोनारी-२ महेन्द्रपुर	० देखि ८ सम्म	३०६०० ०	१०२०० ०	४०८०० ०
९	श्री जय दुर्गा आ वि	रासी सोनारी-२ मदुवा	० देखि ८ सम्म	१३५०० ०	०	१३५०० ०
१०	श्री गणेश आ वि	रासी सोनारी-३ खैरहनी	० देखि ८ सम्म	१३५०० ०	०	१३५०० ०
११	श्री सरस्वती मा वि	रासी सोनारी-३ भवनियापुर	० देखि १२ सम्म	१३५०० ०	०	१३५०० ०
१२	श्री जनज्योति प्रा वि	रासी सोनारी-३ नारायणपुर	० देखि ३ सम्म	१३५०० ०	०	१३५०० ०
१३	श्री जनजागृती आ वि	रासी सोनारी-३ नवलपुर	० देखि ८ सम्म	१३५०० ०	०	१३५०० ०
१४	श्री नेपाल राष्ट्रिय मा वि	रासी सोनारी-४ कुम्भर	० देखि १० सम्म	३००००	०	३००००
९५ **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली २०६४को नियम १२०.क मा बाह्रौ सम्सोधन प्रारम्भ हुदाका बखत (अर्थात बाह्रौ सम्सोधन मिति२०७९।३।२०) खरिद सम्झौताको अवधि समाप्त भएको वा सम्वत २०७९ असार मसान्तसम्म खरिद सम्जौताको अवधि समाप्त हुने तर खरिद सम्झौता बमोजिमको काम सम्पन्न नभएको अबस्थामा सम्बन्धित निर्माण ब्याबसायिले यो नियम प्रारम्भ भएको २१ दिन भित्र सम्शोधित कार्यतालिका सहित अवधि थपको लागी निबेदन पेश गरेमा बोलपत्र स्वीकृत गर्ने अधिकारीले कम्तिमा २ वटा प्रगति हासिल गर्ने सिमा (माइलस्टोन) तोकी बढिमा २०८० साल असार मसान्त सम्म म्याद थप गर्न सक्ने र निर्माण ब्याबसायीले त्यस्तो प्रगति हासिल नगरेमा नियम १२१ बमोजिम पुर्वनिर्धारित क्षतिपुर्ति लिनुपर्ने ब्यबस्था बमोजिम ठेक्का नं ३-२०७८।७९ को सिधनवा जाने बाटो पिच- कार्यको २०७९।३।२० सम्म कार्य सम्पन्न गर्ने गरी २०७८।११।१ मा सम्झौता भइ अन्तिम विलको रु ५०२१७१४ मुल्यांकन गरी अघिल्लो बिल गत बर्षको रु१९२९१९२ कट्टी गरी बाँकी रु ३०९२५२२ भुक्तानी गर्दा निर्माण ब्याबसायिबाट प्रतिबद्धता लिइ २०७९ कार्तिक २८ को कार्यपालिकाको निर्णयले थप म्यादभित्र कार्य सम्पन्न गर्ने गरी २०७९ पौष मसान्तसम्म म्याद थप गरेकोमा प्रतिबद्धता सहित थपिएको म्यादभित्र पनि कार्य सम्पन्न नगरेकोमा कार्यपालिकाको २०७९।१२।२९ को निर्णयले पुर्वनिर्धारित क्षतिपुर्ति रकम असुल नगरी पुनः म्याद थप गरी कार्य सम्पन्न गरेको देखियो। तसर्थ बाह्रौ सम्शोधनको ब्यबस्था बमोजिम प्रतिबद्धता लिइ थप भएको म्याद २०७९ पौष मसान्त देखि कार्य सम्पन्न भइ कार्य मुल्यांकन गरेको मिति २०८०।२।१६ सम्म १३६ दिनको प्रति दिन ०.०५ प्रतिशतका दरले मु.अ.कर बाहेकको सम्झौता रकम रु ४७१८९०० को रु ३२०८८२ पुर्वनिर्धारीत क्षतिपुर्ति रकम असुल नगरी निर्माण ब्याबसायीलाइ उन्मुक्ति दिएको रु

अनियमित भएको	३,२०,८८२

९६ **कुर्सि खरिद** (२८-२०८०-३-२९):

संघिय सरकारबाट हस्तान्तरित शशर्त कार्यक्रममा रोजगार सेवा केन्द्रको सुदृढिकरणका लागी (बजेट ब्यबस्था भएकोमा पालिकाले शर्त बमोजिम रोजगार सेवा केन्द्रकोलागी चाहिने कम्प्यूटर, फर्निचर फिक्चर्स, क्यामरा, अन्य विद्युतीय उपकरण खरिद नगरी उक्त बजेटबाट पालिकाको सभा हलको लागी ५० थान चेयर खरिद गरी रु ३००००० भुक्तानी गरेको देखियो। कार्यविधि विपरित खर्च अनियमित भएको रु

अनियमित भएको	३,००,०००

९७ **भुवर भवानी मन्दिर मर्मत** - संघिय शशर्त बाट भुवर भवानी मन्दिर मर्मत उपभोक्ता समितिलाइ आइटम नम्बर १ को ब्रिक मेशनरी १:४-५.७३ घ.मि.कार्य दर बिश्लेषण अनुसार प्रति घ.मि. रु १२०४२ ले मुल्यांकन गरेकोमा आइटम नम्बर ४ को सोही ब्रिक मेशनरी १:४-४.५ घ.मि.कार्य प्रति घ.मि. रु १३१३८ ले मुल्यांकन गरेको देखिएकोले एउटै कार्य स्वीकृत दररेट भन्दा रु १०९६ ले बढि दरमा मुल्यांकन गरी बढि भुक्तानी भएको रु ४९३२ असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	४,९३२

९८ **आवाश पुन निर्माण कार्यक्रम**

९८.१ (२१-२०८०-२-८)- सुरक्षित नागरिक आवाश कार्यक्रम अन्तर्गत २०७१ सालको बाढिपिडित २१६ मध्ये यस बर्ष २०३ जनालाइ रु ३४३३५ का दरले रु ६९७०००० अनुदान दिएको देखियो। उक्त लाभग्राही शहरी बिकास तथा भवन निर्माण बिभाग संघिय आयोजना कार्यान्वयन इकाइबाट छनौट भइ गत बर्ष सम्म प्रथम किस्ता आवासको जग र प्लेन्थ एरिया सम्मको कार्यबापत रु ८१००० का दरले अनुदान उपलब्ध गराएकोमा यस बर्ष दोस्रो र तेस्रो किस्ता बापत थप अनुदान दिएको पालिकाको भनाइ रहेको छ। पालिकाले थप किस्ता दिदा निर्माण कार्यको हाल सम्मको अनुदानको उपयोगको सम्बन्धमा अनुगमन र प्राबिधिक मुल्यांकन बेगर अनुदान दिएको देखिएकोले प्राबिधिक मुल्यांकन तथा अनुगमन प्रतिबेदन पेश गर्नुपर्दछ।

	सैद्धान्तिक बेरुजु

९८.२ (२४-२०८०-२-३१)- गो .भौ. २ -२०७९।८।२६ र गो भौ २४-२८०।२।३१ आवाश पुन निर्माण कार्यक्रम अन्तर्गत गत बर्ष १०७ लाभग्राहीलाइ रु २२३९३०० प्रथम किस्ता भुक्तानी भएकोमा यस बर्ष १०२ लाभग्राहीलाइ प्राबिधिक प्रतिबेदनको आधारमा गो.भौ. २ -२०७९।८।२६ बाट रु १०३०७०० र गो भौ २४-२८०।२।३१ बाट रु २०४०००० गरी रु३०७०७०० अन्तिम किस्ता भुक्तानी गरेको देखिएकले प्रथम किस्ता लिएका ५ लाभग्राहीको रकम कार्यालयले एकिन गरी असुल गर्नुपर्ने देखियो।

	सैद्धान्तिक बेरुजु

९९ **सलाम मिडिया प्रा.लि.**

९९.१ संघिय शशर्त कार्यक्रम खेलकुद पुर्वाधार निर्माण वडानं ५ को योजनाको कन्टिन्जेन्सीमा खर्च लेखि पालिकाको बिभिन्न सुचनामुलक सन्देश अनलाइनमा प्रकाशन बापत २०८०।३।१३ का ५ वटा बिल संलग्न गरी २०७९।१०।१ देखि २०८०।२।३० सम्म को मासिक रु २० हजारका दरले सलाम मिडिया प्रा.लि. (स्था.ले.न.६१८८२००२१)लाइ रु १ लाख र टि.एस.टि.मिडिया प्रा.लि. (स्था.ले.न.६०९८३०३६५)लाइ रु १ लाख गरी रु २ लाख भुक्तानी गरेकोमा निम्नानुसार देखियो।

	सैद्धान्तिक बेरुजु

९९.२ आयकर ऐन २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानीमा कर बिजक पेश नभएकोमा १५ प्रतितका दरले अग्रीम कर कट्टी गर्नुपर्ने ब्यबस्था भएकोमा सलाम मिडिया प्रा.लि लाइ सुचना प्रकाशन बापतको सेवाशुल्क भुक्तानी गर्दा PAN बिल पेश गरेकोमा १.५ प्रतिशत मात्र अग्रीम कर कट्टी गरेको देखिएकोले घटि कर रकम कर कट्टी बाहेकको रु ८१०० असुल गर्नुपर्ने रु

	असुल गर्नुपर्ने	८,१००

९९.३ सलाम मिडिया प्रा.लि.सँग दैनिक सन्देश प्रकाशन बापत मासिक रु २० हजार दिने गरी २०७९।१०।१ मा सम्झौता भएकोमा सुचना प्रकाशनको अभिलेख नराखि २०७९।१०।१ देखिनै भुक्तानी गरेको देखिएकोले सम्झता भन्दा अगाडि माघ र फाल्गुणको रु ४० हजार असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	४०,०००

१०० **कार्य सम्पन्न प्रतिदेदन** - ✂........... ***(प्रारम्भिक प्रतिवेदन उपर कार्य सम्पन्न प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रु. १०२००००० ।- सम्परीक्षण गरिएको ।)***

प्रमाण पेश नगरेको	०

१०१ **रोयल्टी** (४८६-२०८०-३-२४)- अगैया टोल बिकास सस्थालाइ हरदेव बाटो निर्माण कार्यको ३९६ घ.मि.ग्राभेल कार्य र ह्युम पाइप समेतको रु ५५६६७९ कार्य मुल्यांकन गरी रु ४८५००० भुक्तानी गरेकोमा उपभोक्तासमितिले दुर्गा निर्माण सेवा सौरहवा ८ बर्दियाबाट २०८०।२।२६ को बिलबाट ४१२ घनमिटर र पालिकाको नदिजन्य पदार्थ उतखनन्को अनुमति पाएको सप्लायर्स एस. एन्ड. एस. कन्ट्क्सनबाट २४०० घनफिट अर्थात ६८ घनमिटर खरिद गरेको संलग्न बिल भर्पाइबाट देखिन्छ। दुर्गा निर्माण सेवा सौरहवा ८ बर्दियालाइ २०८०।२।२६ को अवधिमा संकलन अनुमति दिइ रोयल्टी असुल गरेको प्रमाण पेश नभएकोले निजले बिक्री गरेको ४१२ घनमिटर ग्राभेलको प्रति घनमिटर रु ३६३.७३ ले रु १४९८५६ रोयल्टी असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१,४९,८५६

१०२ **बढी परिमाण उत्खनन्** - लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र अनुसुचि -६ बमोजिम ढुङगा, गिटि, बालुवा,ग्राभेल, स्लेट, चुन ढुङ्गा, खरीढुङ्गा, भस्कट माटो र दहत्तर बहत्तर समेत ऐनमा उल्लेखित दरमा कम नहुने गरी प्रतिस्प्रधाको माध्यमबाट बिक्री गरी संकलित रकम स्थानिय र प्रदेश तह बिच बाँडफाँड गर्नुपर्ने ब्यबस्था छ। पालिकाले आफ्नो क्षेत्र भित्र रहेका ८ वटा संकलन केन्द्रको आ.इ.इ. प्रतिबेदन २०७९ बमोजिम बार्षिक उतखनन् गर्ने अधिक्तम परिमाण १,३०,८६,१७८ क्युफिट मध्ये टिकुलिपुर घाट,जलालाघाट र झझरी खोलाको ३१,४७,२१९ क्युफिटको मात्र ठेक्का ब्यबस्था गरी क्रमशः नेपाल बिल्डर्सलाइ २०७९।८।२७ ,एस एन्ड कन्ट्रक्सनलाइ २०७९।१०।१० र रामलाल निर्माण सेवालाइ २०७९।९।२५ मा संकलन अनुमति दिएको देखिन्छ।यसका अतिरिक्त पालिकाले आफ्नो पालिकामा सन्चालन हुने योजनामा पटक पटक उपभोक्ता समिति टोल बिकास सस्था र निर्माण सामाग्री सप्लाइ गर्ने निर्माण ब्याबसायीलाइ समेत नदिजन्य पदार्थ उतखनन्कालागी छुट्टै अनुमति दिइ अनुमति दिएको परिमाणको न्युनतम रोयल्टी मु अ कर समेत असुल गर्ने गरेको देखियो। पालिकाले यस्तो पटके अनुमति कति जनालाइ दिइ कति परिमाण उत्खनन् भयो सोको अभिलेख तथा अनुमति दिएको परिमाण भन्दा बढि परिमाण उतखनन् भए नभएको सम्बन्धमा कुनै नियन्त्रण पद्धति अप्नाएको देखिएन।नमुना छनौटको आधारमा उपभोक्ता समितिको भुक्तानी फाइल परिक्षण गर्दा गो.भौ.४८७।२०८०।३।२४ मा माधेबास बाटो निर्माण कार्यका लागी आबश्यक पर्ने ग्राभेल उतखनन्का लागी अगैया टोल बिकास सस्थालाइ २०८०।२।२६ मा २०८०।२।२८ देखि ३२ गते सम्म ट्याक्टर ५ बटा ,ब्याक हो लोडर १ प्रयोग गरी बगदैला घाटबाट २००० घनफिट तथा दुर्गा निर्माण सेवा सौरहवा -८ बर्दियालाइ २००० घनफिट म्याद थप समेत

२०८०।३।९।देखि ३।२० सम्म भ्याकुलोडर र ट्याक्टर-२ , टिपर-२ प्रयोग गरी उत्खनन् गर्न अनुमति दिइ प्रति घनफिट रु १०.३१ का दरले ४००० घनफिटको रु ४१२४० रोयल्टी असुल गरेको देखियो। पेश भएको बिल भर्पाइ अनुसार टोल बिकास सस्थाले दुर्गा निर्माण सेवाबाट ७०३.५ घनमिटर खरिद गरेको र प्राबिधिक मुल्यांकन अनुसार ग्राभेल कार्य ६३५.७ घनमिटर मुल्यांकन भएको देखिन्छ। निर्माण कार्य गर्ने टोल बिकास सस्थाले २००० घनफिटको अनुमति लिएकोमा संकलन गरेको परिमाण योजनामा प्रयोग भएको देखिएन। पालिकाबाट अनुमति अवधिमा कति परिमाण संकलन भयो सोको नियन्त्रण बिधिअपनाएको नदेखिएकोले संकलन परिमाणको एकिन गर्न सकिएन। दुर्गा निर्माण सेवाले योजनामा बिक्री गरेको ७०३.५ घनमिटरमा संकलन अनुमति लिएको २००० घनफुट अर्थात ५६.६८ घनमिटर कट्टी गरी बढि निकासी गरेको ६४६.८२ घनमिटरको प्रति घनमिटर रु ३६३.७३ ले रु २३५२६७ रोयल्टी असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	२,३५,२६७

१०३ **बढी भुक्तानी** (४८५-२०८०-३-२४)- वडानं २ का महिला स्वास्थ्य स्वयंसेबिका १७ जनालाइ साइकल, ल्यापटप, ब्याग, रेनकोट, छाता लगायत आबश्यक सामाग्री खरिद गरी बितरण गरेको रु २९९०३५ नारायण सिंहलाइ सोधभर्ना गरेकोमा संलग्न खरिद बिल र भर्पाइ अनुसार १८ थान ब्याग र रेनकोट २ थान खरिद गरेकोमा १ थान ब्याग र २ थान रेनकोट बितरण गरेको नदेखिएकोले ब्यागको रु ४५२० र रेनकोटको रु ७९१० गरी रु १२४३० बढि सोधभर्ना भएकोले खरिद सामान जिन्सी दाखिला प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१२,४३०

१०४ **नविकरणिय उर्जा**

१०४.१ नवीकरणीय ऊर्जा प्रवधि जडान (वायोग्याँस/विद्युतीय चुलो/सुधारिएको चुलो/सौर्य ऊर्जा कार्यक्रम अन्तर्गत स्मार्ट सोलार प्र.लि.बालाजु काठमान्डौ बाट सुधारिएको चुलो ५०० थान र बिद्युतिय चुलो ४४ थान खरिद को रु १८९००३८ मा ५० प्रतिशत अनुदान रु ९४५०१९ मध्ये रासी पिडित सामुदायिक बन क्षेत्रका उपभोक्ता समिति, सिद्धबाबा सामुदायिक बन र अशोक सामुदायिक बनका उपभोक्ताको रु ३ लाख र पालिका लाभग्राहीको अनुदान रु ६४५०१९ भुक्तानी गरेकोमा निम्नानुसार देखियो।

सैद्धान्तिक बेरुजु

१०४.२ क) बिद्युतिय चुलो मौज्दातः बिद्युतिय चुलो ४४ थान खरिद गरेकोमा ३३ थान बितरण भइ ११ थान बाकी देखिएकोमापालिकाले जिन्सी दाखिला गरी प्रति इकाइ रु ४४६३।५० का दरले रु ४९०९८ को ५० प्रतिशत अनुदान रकम रु २४५४९ संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु

ख) सिद्धबाबा सामुदायिक बनले ५० प्रतिशत अनुदान रकम रु १३७५४६ पालिकाको खातामा २०८०।५।१५ मा लाखिला गरेको देखिएकोले संघिय कार्यक्रमको अनुदान रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु

ग) कार्यबिधि बिपरित अनुदानः नबिकरणीय उर्जा अनुदान परिचालन कार्यबिधि २०७९मा नबिकरणीय उर्जा प्रबिधि जडानको अनुदान रकम खर्चका लागी बिभिन्न आयोजना प्लान्ट तथा प्रबिधि छनौट गरी बैकल्पिक उर्जा प्रबिधि केन्द्रबाट छनौट भएको कम्पनिबाट प्रबिधि जडान गर्नुपर्ने र अनुदान प्राप्त गर्ने न्युनतम योग्यता र अनुदान सन्चालन प्रकृया तोकेको छ।जस अनुसार अनुसुचि -५ मा घरयासी खाना पकाउने फलामे सुधारिएको चुलोको योग्यताको आधारमा १५ सय मिटर भन्दा माथी उचाइमा रहेका घरधुरी अनुदानका लागी योग्य हुने तथा केन्द्रको मापदन्ड पुरा गरेका र मान्यता प्राप्त कम्पनिले जडान वा निर्माण गरेको घरायसी सुधारीएको चुलोलाइ मात्र अनुदान उपलब्ध गराउने ब्यबस्था छ। बिद्युतिय चुलोमा अनुदान दिने ब्यबस्था देखिदैन। पालिकाले उक्त कार्यबिधि बिपरित १५ सय मिटर भन्दा घटि उचाइमा रहेका तराइका घरधुरीलाइ सुधारीएको चुलो तथा मापदन्डमा नै नपरेको बिद्युतिय चुलोमा संघिय अनुदान रकम खर्च गरेको नियमित नदेखिएकोले पालिकाले आगामी दिनमा यस प्रकारको कार्यमा सुधार गर्नुपर्दछ ।

प्रमाण पेश नगरेको	१,६२,०९५

१०५ **सहकारीमा आम्दानी प्रमाण - ⁘..........** ***(प्रारम्भिक प्रतिवेदन उपर आम्दानी प्रमाण पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रु. ११६४००० ।- सम्परीक्षण गरिएको ।)***

प्रमाण पेश नगरेको	०

१०६ **अनुगमन तथा बैठक भत्ता** (४७-२०८०-२-२१)- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को ७४ अनुसार स्थानीय पदाधिकारी तथा कर्मचारीले आफ्नो कार्यक्षेत्रभित्र अनुगमन तथा बैठक बसेबापत भत्ता प्राप्त गर्न नसकिने व्यवस्था रहेको छ। त्यस्तै कार्य सन्चालन निर्देशिका २०७७ को बुँदा नम्बर ७ अनुसार अनुसार कुनै पनि सार्वजनिक निकायले बैठक बस्नु अगाडि विभिन्न किसिमका सातवटा अवस्था पालना गर्नुपर्ने उल्लेख गरेको छ। पालिकाले कृषि कार्यक्रम अन्तर्गत अनुगमन गरेको भनी कृषि प्राबिधिक जयबहादुर कार्की र जानकी कुमारी थारुलाई क्रमसः २०,१२३ र ४४०० गरी रु २४५२३ भुक्तानी गरेको देखियो ।। कृषि प्राबिधिकले आफ्नै कार्य क्षेत्रमा अनुगमन भत्ता पाउने कानुनि आधार नदेखिएकोले यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१०७ **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली २०६४ अनुसारबजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था रहेको छ । यस स्थानीय तहले यो बर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

गो भौ नं र मिति	परामर्श सेवा	परामर्शदाता	भुक्तानी रकम

२३४।०७९।७।२५	क्षमता विकास योजना तयारी	के सि मल्टिप्रपोज कन्सल्टेनसी प्रा लि	४९४९४०
३२८।०७९।८।२८	लैङ्गिक परिक्षण निर्माण	शान्ति इन्जिनिरिङ्ग कन्सल्टेन्सी एण्ड रिसर्ज प्रा लि	४९७२००
५६६।०७९।१२।०८	गा पा को भू उपयोग नीति निर्माण	इन्स्टिच्यूट अफ हिमालयन रिसर्च एण्ड इन्टिग्रेट डेभलपमेन्ट प्रा.लि.	१९९५०००
१३००।०८०।३।२०	वेव निर्माण	रिद्धि परामर्श सेवा	५९००००
जम्मा			३५७७१४०

क) सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धि तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

ख) सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेशगर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले पालिका भवन लगायतका अन्य विभिन्न कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ।

ग) परामर्शत दातालाई दिएको टर्म अफ रिफरेन्समा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ५० / ५०प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था पालना भएको देखिएन। आगामी दिनमा यस कार्यमा सुधार गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१ **आन्तरिक प्रतिवेदन** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ अनुसार
० आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको कैफियत सम्बन्धमा त्रैमासिक प्रतिवेदनको हकमा अर्को त्रैमासिक
८ अवधिभित्र तथा वार्षिक प्रतिवेदनको हकमा अन्तिम लेखापरीक्षण हुनु अगावै आवश्यक प्रमाण संलग्न गरी नियमित गर्नु पर्ने भए नियमित गराई बेरूजु फस्यौट गर्नु, गराउनु पर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको आन्तरिक लेखापरिक्षणबाट औल्याएको वेरुजु लेखापरीक्षणको अवधि सम्म फछ्यौट गरेको नदेखिएकोले उक्त बेरुजु असुल फछ्यौट गर्नुपर्ने रु

गो भौ नं र मिति	मिति	व्यहोरा	रकम
४५४	२०७९।११।२१	ऐन विपरितको सेवा सुविधा लिएको - कार्यालय प्रमुखको प्रयोजनका लागी mi ११ मोवाइल मुल्य रु. ६३२५१ को खरिद गरि गत आ.व.को भुक्तानी दिन बाँकी शिर्षकबाट निशान कम्प्युटर ट्रेडर्सलाई रु. ४९१११८।—भुक्तानी दिएकोमा कार्यालय प्रमुख सरुवा भै जादा उक्त मोबाइल कार्यालयमा दाखिला भएको नदेखिएकोले फिर्ता दाखिला हुनुपर्ने अन्यथा सो रकम कार्यालय प्रमुख सिंहराज डाँगी बाट असुल गर्नु पर्ने रु	६३२५१
५५५	२०७९।१२।७	बिल भरपाई भन्दा बढी रकम भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ ,५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका २०७३ बमोजिम प्रमाणित पुष्टयाईको आधारमा लेखा राखु पर्ने व्यवस्था रहेकोमा पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च शिर्षकबाट रेडियो भुवर भवानी एफ एमलाई शुभकामना संदेश बापत रकम रु.२९५५० भुक्तानी दिएकोमा संलग्न बिल भरपाई र भुक्तानीका लागी सिफारिस र भुक्तानी आदेश रकम रु.७५००।—मात्रको रहेकाले बढी भुक्तानी भएको रकम रु. २२०५० असुल उपर गर्नु पर्ने रकम रु.	२२०५०
५६२	२०७९।१२।७	पत्रपत्रिका छपाई शिर्षकबाट दिर्घायु हाउस प्रा.ली.लाई सन्देश मुलक सुचना प्रकाशन गरे वापत रकम रु.११५२४५।— भुक्तानी दिएकोमा कार्यालय संगको सम्झौता र कार्यदेश संलग्न बेगर भुक्तानी दिएकाले खर्च पुष्टी हुने प्रमाण पेश हुनुपर्ने रु	११५२४५
५६३	२०७९।८।१२	बिल भरपाई भन्दा बढी रकम भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ नियम ३९ ,५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका २०७३ बमोजिम प्रमाणित पुष्टयाईको आधारमा लेखा राखु पर्ने व्यवस्था रहेकोमा	९१८०

		सवारी साधन मर्मत खर्च शिर्षकबाट चन्द्रा कुमारी शाहीलाई रकम रु.१७६८०।—भुक्तानी दिइएकोमा भुक्तानीका लागी सिफारिस र संलग्न बिल रकम रु.८५००।—को रहेकाले बढी भुक्तानी भएको रकम रु.९१८० असुल उपर गर्नु पर्ने रकम रु.	
५६७	२०७९।१२।८	जिन्सी दाखिला भन्दा बढी रकम भुक्तानी —प्रदेश आर्थिक कार्यविधि नियमावली २०७४ को नियम ४८ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जन्सी मालसमानको विवरण र मुल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अधावधिक गरी राखु पर्ने र सोही वमोजिम भुक्तानी दिनु पर्ने व्यवस्था रहेको छ।खेलकुद कार्यक्रम शिर्षकबाट आचार्य स्टेशनर्स एण्ड सप्लायर्सलाई रकम रु. ३५६००।—भुक्तानी दिएकोमा खरिद आदेश र जिन्सी दाखिला रकम रु.२८८१५।—को मात्र रहेको हुदा बढी भुक्तानी भएको मुल्य रु ६८६५।—को हाइजम्ब बार १ थान कार्यालयको मौज्दुता सुचिमा उल्लेख भएको प्रमाण पेश हुनु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने रु.	६८६५
१३४५	२०८०।३।२२	सिप बिकास तालिम रोजगारमुलक शिर्षकबाट रुसफ मल्टिप्रपोज प्रा.ली.लाई तालिम संचालन वापत रकम रु.४२३६९०।—भुक्तानी दिएकोमा प्रशिक्षकहरुले भत्ता वुझिलिएको हस्ताक्षर नरहेको,अनुगमन खर्च गरेकोमा अनुगमन प्रतिवेदन संलग्न नरहेको र तालिम संयोजकलाई रकम रु. ५००००।—उपलब्ध गराएको बुझिलिएको हस्ताक्षर नरहेकोले खर्च पुष्टी हुन नसकेको रु	४२३६९०
१३५५	०३/२२/२०८०	वडाको डकुमेन्ट्रि निर्माण शिर्षकबाट रासी सोनारी विजनेश ग्रुप प्रा.ली.लाई रकम रु.२८५६६५।—भुक्तानी दिएकोमा परामर्शदाताको प्रस्ताव, सक्कल सम्झौता पेश नहुनुका साथै डकुमेन्ट्रीको जिन्सि दाखिला प्रतिवेदन संलग्न नरहेको रु	२८५६६५
५६९	२०८०।३।२३	CBIMNCI कार्यक्रम अन्तरगत मेडिसिनहरु खरिद गरे वापत रमन मेडिसेल्स नेपालगञ्जलाई रकम रु.१४१८३५।—भुक्तानी दिएकोमा निशुल्क बितरण हुने Emergency contacepitive pills खरिद वापतको रकम रु ९५०० भुक्तानी भएको देखिन्छ। जनस्वास्थ्य कार्यालयले उपलब्ध गराउन नसक्ने अवस्थामा मात्र	

		उक्त मेडिसिन खरिद गर्न सकिने व्यवस्था रहेको पाइन्छ। यस तर्फ कार्यालयले ध्यान दिन आवश्यक देखिन्छ।	
४५	२०७९।५।२७	सम्झौता भन्दा पहिलेको बिल - गत आ.व.को भुक्तानी बाँकी शिर्षकबाट ह्युमपाइप खरिद तथा जडान उपभोक्ता समिति रासी सोनारी ०७ लाई रु.४८२०००।—भुक्तानी दिएकोमा सम्झौता मिति २०७९/०३/१५ गते गरेकोमा ह्यूम पाइप खरिदको बिल मिति २०७८/१२/३० को ग्रिन प्रिकास्ट इन्डस्ट्रिज प्रा.लीको न.५५को रु ३४८७१८।—को बिजक संलग्न रहेको हुदा उक्त खर्च सम्बन्धमा कार्यालयबाट अनुगमन गरी एकिन गर्नुपर्ने रु	४८२०००
७	कृषि	पारिश्रमिक भुक्तानी —गाई हेरालुलाई पारिश्रमिक शिर्षकबाट अस्मिता शाहीलाई रकम रु.४८८५६।—भुक्तानी दिएकोमा अस्मिता शाहीलाई पारिश्रमिक भुक्तानीका लागी वडाको सिफारिस नरहेको साथै हाजिरी समेत संलग्न नहेको हुदा उक्त समयमा कार्यालयको काम गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने रु	४८८५६
२४	२०८०।३।२०	मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम शिर्षकबाट मर्मत तथा फर्निचर व्यवस्थापन कार्यको लागी अमर ज्योती मा.वी. नन्कौपुर ०७ लाई रकम रु१४१६८८।—भुक्तानी दिएकोमा माटो पटानको बिल भर्पाइ संलग्न रहेकोले फरक शिर्षकम खर्च लेखेको अनियमित र कोले नियम संगत नदेखिएको रु.	१४१६८८
२०	स्वास्थ्य	जिन्सी दाखिला बेगर भुक्तानी - आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जन्सी मालसमानको विवरण र मुल्य समेत खुलाई जिन्सी कितावमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अधावधिक गरी राख्नु पर्ने व्यवस्था छ। सिकलसेल सम्बन्धित ल्याब सामाग्री खरिद वापत चामुण्डा ट्रेडिङ हाउसलाई रकम रु. ४७४६००।—भुक्तानी दिएकोमा खरिद आदेश र जिन्सी दाखिला प्रतिवेदन बेगर भुक्तानी दिइएको हुदा जिन्सी दाखिला प्रतिवेदन खर्च पुष्टी प्रमाण पेश गर्नु पर्ने..	४७४६००
८	बिपद व्यवस्थापन कोष	आर्थिक सहयोग वापत देवेन्द्र के.सी.लाई रकम रु.२५००००।— भुक्तानी दिएकोमा आर्थिक सहयोग वितरण	२५००००

		गरेको भरपाई संलग्न नरहेको हुदा बितरण गरेको भरपाई पेश गर्नु पर्ने रु.	
१२		आर्थिक सहयोग वापत देवेन्द्र के.सी.लाई रकम रु.२७५५००।— भुक्तानी दिएकोमा आर्थिक सहयोग वितरण गरेको भरपाई संलग्न नरहेको हुदा बितरण गरेको भरपाई पेश गर्नु पर्ने रु.	२७५५००
४०८	पुजिगत	कर कट्टी नभएको- आकस्मिक मर्मत संभार तथा विविध कार्य शिर्षकबाट श्री बाल शान्ती आ.वि. भेलुनियालाई आकास्मिक मर्मत संभार तथा विविध कार्य शिर्षकबाट रकम रु.१६८६००।—भुक्तानी दिएकोमा बहाल कर वापतको रकम रु.२५००।—कट्टी नगरिएकोले उक्त रकम असुल उपर गर्नु पर्ने	२५००
४४३	२०८०।३।२२	चालु प्रकृतिको खर्च पुँजिगतबाट —आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ दफा १९ मा स्विकृत बजेट र कार्यक्रमको कार्यन्वयन र नियमावली २०७७ को नियम ३३ र ३८ मा कार्यक्रम संशोधन र खर्चको व्यवस्था रहेको छ। आकस्मिक कार्य शिर्षकबाट हेमान्ता कुमारी थारुलाई पारिश्रमिक रु.२६००० साथै बैठक भत्ता र कार्यालय सञ्चालन खर्च तर्फको रकम रु १२४८१२।— गरी वडा सचिव पंकज चौधरीलाई रु.१५०८१२।— भुक्तानी गरेकोमा चालु प्रकृतीको खर्च पुजिगत खर्च शिर्षकबाट भुक्तानी नियम संगत नदेखिएको रु	१५०८१२
१५५	२०७९।१२।२५	चालु प्रकृतिको खर्च पुँजिगतबाटः आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ दफा १९ मा स्विकृत बजेट र कार्यक्रमको कार्यन्वयन र नियमावली २०७७ को नियम ३३ र ३८ मा कार्यक्रम संशोधन र खर्चको व्यवस्था रहेको छ। वडा न.१ को कार्यालय सञ्चालन प्रयोजनको खर्च वडा सचिव देब बहादुर खत्रीलाई रकम रु.१०६१८५।— गाउँपालिका पुजिगत शिर्षकबाट भुक्तानी दिएको हुदा यसरी चालु प्रकृतीको खर्चको भुक्तानी पुजिगत शिर्षकबाट नियम संगत नदेखिएको रु	१०६१८५
७१	२०८०।३।१३	तरकारी खेती (५०%) अनुदान तरकारी पकेट कार्यक्रमका लागी जनशक्ती महिला कृषक समुहलाई रकम रु.१५ लाख भुक्तानी दिएकोमा सिमित व्यक्तीहरुले ठुलो परिमाणमा तरकारीको बिउ लिएको भरपाई संलग्न रहेको साथै रकम रु.६ लाखको तरकारी बिउ वितरण भएको भरपाई संलग्न रहेकोमा जग्गाको क्षेत्रफल प्रमाणित हुने कागजात संलग्न नरहेको हुदा तरकारीको बिउ	

		कति लाग्ने सो को ऐकिन गर्न नसकिएकोले बास्तबिक कृषकले पाए नपाएको सम्बन्धमा पालिकाले अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ।	
१६	प्रदेश पुँजिगत	बाल शान्ती आ.वी.भेलुनियालाई भौतिक पूर्वाधार निर्माण वापत रकम रु.९६५७९९।- भुक्तानी दिएकोमा जिल्ला दररेट एक दिनको दक्ष कामदारको रकम रु. ८९२ रहेकोमा सो भन्दा बढी रकम रु.१००० का दरले कामदारलाई ज्याला दिएको देखिएको हुदा १० जनालाई १४ दिनको बढी भुक्तानी दिएको रकम रु.१५१२०।—असुल गर्नु पर्ने	१५१२०
२८	२०८०।३।२३	बिल भरपाई बेगर भुक्तानी -मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम शिर्षकबाट श्री कुसमेश्वर मा.वी.लाई रकम रु.२६६७५०।– भुक्तानी दिएकोमा बिल भरपाई संलग्न नरहेकोले पेश गर्नु पर्ने रु	२६६७५०
४३५	२०७९।१०।११	गत आ.व.को मनोपरामर्शकर्ता सम्बन्धि तालिमको लोकेन्द्र चन्दको नाममा रहेको पेश्की रकम रु.३ लाख फछ्यौट गरिएकोमा देहाय वमोजिम देखियो। १) प्रशिक्षक कमला पौडेल र राधा पौडेल लाई प्रशिक्षण भत्ता रकम रु २४००० हजारका दरले उपलब्ध गराएकोमा कर कट्टी नगरिएको हुदा कर वापत हुन आउने रकम रु ७२०० असुल गर्नु पर्ने २) प्रशिक्षक कमला पौडेलको आउने जाने प्लेन टिकट नेपालगञ्जको रहेकोमा दाङ लिन र पुर्याउन गएको भनि गाडी भाडा वापत लिइएको रकम रु १८००० असुल गर्नु पर्ने ३) संलग्न प्लेन टिकट अनुसार प्रशिक्षक कमला पौडेल sep 25 2021 मा नेपालगंज आई sep 28 मा फर्केको देखिन्छ ४ दिनको बसाईमा ५ दिनको प्रशिक्षण भत्ता लिनु नियम संगत देखिदैन नियम विपरित लिएको प्रशिक्षण भत्ता रकम रु.२७२० असुल गर्नु	२७९२०
३५५	२०७९।९।७	पत्रपत्रिका शिर्षकबाट एन.पि.एस मिडिया एण्ड एडभटाईजिङग नेपालगञ्जलाई सुचना तथा सन्देश प्रकाशन गरे वापत रकम रु.४८५४४३।—भुक्तानी दिएकोमा सम्झौता वमोजिम तिन वटा फरक फरक रेडियो मार्फत दिनमा दुई पटक मिति२०७९।४।२३ गते देखी २०७९।८।१५ गते सम्म	४८५४४३

		सुचना प्रकाशन गरेको पुष्टयाई हुने जिङ्गल संलग्न नरहेकोले सुचना प्रकाशन गरेको पुष्टयाई हुने कागजात पेश गर्नुपर्ने रु	
२३४	२०७९।७।२५	सेवा र परामर्श खर्च शिर्षकबाट के.सी. मल्टीप्रपोज कन्सलटेन्सी प्रा.ली.तुल्सीपुर दाङलाई गाउँपालिकाको पदाधिकारी कर्मचारीको क्षमता विकास योजना तयारी गरे वापत रकम रु. ४८७६९५।—भुक्तानी दिएकोमा देहाय बमोजिमको देखियो। १) लागत अनुमान स्विकृत नभएको,टिप्पणी र आदेश स्बिकृत नभएको र सम्झौताका लागी बोलाईएको पत्रमा प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर नरहेको २) भुक्तानीका लागी प्रमुख प्रशासकिय अधिकृतको हस्ताक्षर नरहेको साथै गो.भौ. प्रमुख प्रशासकिय अधिकृतबाट सदर नभएको ३) गाउँपालिकाको पदाधिकारी कर्मचारीको क्षमता विकास योजनाको जिन्सी दाखिला नरहेको खरिद विधि प्रक्रिया नमिलेको तथा गाउँपालिकाको पदाधिकारी कर्मचारीको क्षमता विकास योजना तयार भए नभएको ऐकिन गर्ने कागजात पेश गर्नु पर्ने रु	४८७६९५
२२०	२०७९।७।१७	पदाधिकारीबाट कार्यान्वयनः -स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ वमोजिम आर्थिक व्यायभार पर्ने कारोबारको सम्झौता गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई मात्र रहेने व्यवस्था रहको छ। गत आ.व.को भुक्तानी दिन बाँकी शिर्षकबाट विजि मिडिया ग्रुप प्रा.ली. नेपालगञ्जलाई पालिकाको सुचना प्रकाशन वापत रकम रु९७५१५।—भुक्तानी दिएकोमा सुचना प्रकाशनको सम्झौता पालिका अध्यक्ष लाहुराम थारुबाट भएको देखिन्छ। योजना तथा कार्यक्रम कार्यान्वयन गर्न प्रमुख प्रशासकिय अधिकृतलाइ अख्तियारी दिएकोमा पुनः पदाधिकारी आफै कार्यान्वयनमा सहभागी हुने कार्य नियमित देखिदैन।	
२११	२०७९।७।१६	पदाधिकारीबाट कार्यान्वयनः-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ वमोजिम आर्थिक व्यायभार पर्ने कारोबारको सम्झौता गर्ने अधिकार प्रमुख प्रशासकिय	

		अधिकृतलाई मात्र रहेने व्यवस्था रहको छ। गत आ.व.को भुक्तानी दिन बाँकी शिर्षकबाट मिशन नेपाल मिडिया प्रा.ली.लाई वडाको भिडियो डकुमेन्ट्री निर्माण वापत रकम रु.१९४०४५।— भुक्तानी दिएकोमा डकुमेन्ट्री निमाणको सम्झौता वडा न.३ र ४ को वडा अध्यक्ष बाट भएकोले योजना तथा कार्यक्रम कार्यान्वियन गर्न प्रमुख प्रशासकिय अधिकृतलाइ अख्तियारी दिएकोमा पुनः पदाधिकारी आफै कार्यान्वियनमा सहभागी हुने कार्य नियमित देखिदैन।	
२६४	२०८०।२।१९	पदाधिकारीबाट कार्यान्वयनः-स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ वमोजिम आर्थिक व्यायभार पर्ने कारोबारको सम्झौता गर्ने अधिकार प्रमुख प्रशासकिय अधिकृतलाई मात्र रहेने व्यवस्था रहको छ। वडा न.३ को खोलाहरुको रेखदेख तथा रोखथामका लागी ज्यालादारीमा राखिएकोमा धनिराम थारु र दिलिप कुमार थारु को समझौता पत्रमा वडा अध्यक्षको हस्ताक्षर गरी रु ५५००० भुक्हुतानी गरेको देखियो। प्रमुख प्रशासकिय अधिकृतलाइ अख्तियारी दिएकोमा पुनः पदाधिकारी आफै कार्यान्वियनमा सहभागी हुने कार्य नियमित देखिदैन।	
१९५	२०७९।७।३	गत आ.व.को भुक्तानी दिन बाँकी शिर्षकबाट वडा न.९ को Ac खरिद बापतको रकम रु.१७१३९८।- शुभ सप्लायर्सलाई भुक्तानी दिएकोमा खरिद समितिको निर्णय बेगर खरिद कार्य गरेको, आ.व.०७९/८० को Ac खरिदको बिल संलग्न रहेकोमा गत आ.व.को भुक्तानी दिन बाँकी शिर्षकबाट भुक्तानी दिइएकोले नियम संगत नदेखिएको रु	१७१३९८
८७		गत आ.व.को भुक्तानी दिन बाँकी शिर्षकबाट भुवर भवानी मिडिया प्रा.ली.लाई बुकलेट प्रकाशन वापत रकम रु .४९६०००।— भुक्तानी दिएकोमा सम्झौता वमोजिम ५०००।—प्रति बुकलेट कार्यालयमा उपलब्ध गराउनु पर्नेमा कार्यालयमा उलब्ध गराएको नदेखिएको हुदा कार्यालयमा दाखिला प्रमाण पेश गर्नु पर्ने रु	४९६०००
३११	२०८०।३।६	नारायणपुर बनघुस्री देखी साइपुर सम्म सिचाई कुलो मर्मत गर्ने कार्यको विहानी टोल बिकास संस्था -३ लाइ रु ९७०००० भुक्तानी दिएकोमा सम्झौता मिति २०७९/१२/०९ गते	८४४०

		भएकोमा सो भन्दा पहिलेको आ.व.०७८/७९ मा व्यक्तिगत प्रयोजनका लागी काट्टिएको ढुङ्गा को बिल रु ८४४० संलग्न रहेको देखिएकोले ब्यात्तिगत प्रयोजनको रु ८४४० असुल गर्नु रु	
२९२		मुल्य अभिबृद्धि कर कट्टा नगरी भुक्तानी -मुल्य अभिबृद्धि कर नियमावली २०५३ नियम ६ (ग) ठेक्का सम्झौता वा करार अन्तर्गत आपुर्ती हुने वस्तु वा सेवा वापतको रकम सम्बन्धित ठेकदार वा आपुर्तीकर्तालाई भुक्तानी गर्ने कर रकमको ३० प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरिदिनु पर्ने व्यवस्था छ। पालिकाले वडा कार्यालय देखि कुलो सम्म बाटो स्तरोन्नती नाली सहित कार्य गरे वापत अनमोल निर्माण सेवालाई रकम रु. ५०००००।— भुक्तानी दिएकोमा मु.अ.कर रकम रु.६५१८८.७५ को ३०% ले हुन आउने रकम रु.१९५५६.६।- कट्टी नगरी भुक्तनी दिएकाले कर समायोजन गरेको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल उपर गर्नु पर्ने रु	६५१८९
२९०	२०८०।२।३२	खेमलाल खड्का मार्गमा म.रा.मा.देखी झोलुङ्गे पुल सम्म नालि सहित बाटो pcc गरे वापत कुशुमेश्वर टोल बिकास संस्थालाई रकम रु ७७६०००।—भुक्तानी दिएकोमा देहाय वमोजिम देखियो । १) रकम रु. ६३८३५०।—को डोर हाजिरी फारम संलग्न रहेकोमा लागत अनुमान भन्दा फरकको बिल भरपाई पेश गरेको देखियो २) संलग्न तस्विरमा जे.सि.बि. र मिक्चरको प्रयोग भएको देखिएकोमा मेशिन प्रयोगको बिल भरपाई संलग्न नरहेको हुदा पालिकाले नाली निर्माण र पि सि सि को रु ७७६००० को कार्यमा मेशिन प्रयोग गरी मेशिन कार्यको समेत डोर हाजिर राखेको सम्बन्धमा उक्त कार्य निर्माण ब्याबसायिबाट गराए नगराएको एकिन गरी प्रतिबेदन पेश गर्नुपर्दछ।	
२०५	२०७९।१२।२९	पत्रपत्रिका छपाई —पि.एस.एडभरटाईजिङ्गलाई पत्रपत्रिका छपाई वापत रकम रु.३१७८१३।—भुक्तानी दिएकोमा कार्यालय संगको सम्झौता संलग्न तथा बिल अनुसार १२५ पटक सुचना	३१७८१३

		प्रकाशन गरेको पुष्टयाई हुने कागजात संलग्न नरहेकोले सम्झौता तथा प्रकासन प्रमाण पेश हुनुपर्ने रु	
१४७	२०७९।९।२१	भुक्तानी बाँकीको कच्चाबारी बेगर भुक्तानी –गत आ.व.को भुक्तानी बाँकी शिर्षकबाट शौचालय निर्माण बापत शौचालय तथा भौतिक निर्माण उपभोक्ता समिति वडा न.२ लाई रकम रु २८३०००।–भुक्तानी दिएकोमा भुक्तानी बाँकीको कच्चावारीमा उल्लेख नगरी भुक्तानी दिइएकोले नियम संगत नदेखिएको रु	२८३०००
१२५	२०७९।८।१५	गत आ.व.को भुक्तानी बाँकी शिर्षकबाट रासी पुल जाने बाटो निर्माण गरे वापत रासी पुल जाने बाटो ग्राभेल उपभोक्ता समितिलाई रकम रु ८४८०००।–भुक्तानी दिइएकोमा भुक्तानी बाँकीको कच्चावारीमा ५०००००।–मात्र उल्लेख भएकोले बढि भुक्तानी रु ३४८०००।–असुल गर्नुपर्ने रु	३४८०००
१२०	२०७९।७।२४	फरक शिर्षकबाट भुक्तानी – आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ दफा १९ मा स्विकृत बजेट र कार्यक्रमको कार्यन्वयन र नियमावली २०७७ को नियम ३३ र ३८ मा कार्यक्रम संशोधन र खर्चको व्यवस्था रहेको छ।आ.ब.०७९/८० मा एअरकुल रेफ्रिजनेरेटर एण्ड एयर कन्डिसन वर्कसर्पबाट कम्प्रेसर लगायतका सामाग्री खरिद गरिएकोमा गत आ.व.को भुक्तानी बाँकी शिर्षकबाट रकम रु.३८०००।–भुक्तानी दिइएकोले नियम संगत नदेखिएको रु	३८०००
११७	२०७९।७।१६	उपभोक्ता समितिको लागत नपरेको भुक्तानीः - गत आ.व.को भुक्तानी बाँकी शिर्षकबाट खानेपानी धारा मोटर वितरण उपभोक्ता समितिलाई वडा न.२को खानेपानी धारा मोटर जडान गरे वापत १७४६०००।–भुक्तानी दिएकोमा **लागत अनुमान र मुल्यांकन अनुसार ३ hpमोटर ४ पिस खरिद गर्नु पर्नेमा ३ पिस मात्र खरिद गरिएको हुदा कम खरिद गरेको एक पिसको रकम रु.२६५०० असुल गर्नु पर्ने रु**	२६५००
११४	२०७९।७।१५	अन्तिम मुल्याङकन भन्दा बढी रकम भुक्तानी - गत आ.व.को भुक्तानी बाँकी शिर्षकबाट पन्चे बाजा खरिद वापतको रकम	१३२०७३

		रु३५५५७९।— श्री जनशक्ती माध्यामिक विद्यालय बालापुरलाई भुक्तानी दिएकोमा टिप्पणी आदेश अनुसार अन्तिम मुल्याङकन रकम रु.२२३५०६ मात्र रहेकोले कार्य मुल्यांकन भन्दा बढि रु १३२०७३ पुष्टयाई हुने कागजात पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु	
५०	२०७९।५।२८	गत आ.व.को भुक्तानी बाँकी शिर्षकबाट बेलवास गाउँमा माटो पटान तथा ग्राभेल उपभोक्ता समितिलाई रकम रु.१९८९२७।— भुक्तानी दिएकोमा श्री घण्टेश्वरी सामुदायिक वन उपभोक्ता समुह राप्ती सोनारी ०८ को माटो तथा ग्राभेलको रकम रु ३३००००।—को फरक फरक प्रकृतीको नगद रसिद संलग्न रहेको देखियो। लुम्बिनी प्रदेश आर्थिक ऐन २०७९ को दफा ८ अनुसार नदिपन्य पदार्थ संकलन र बिक्री सम्बन्धित स्थानिय तहले गर्ने ब्यबस्था भएकोमा घण्टेश्वरी सामुदायिक वन उपभोक्ता समुह राप्ती सोनारी ०८ ले बिक्री गर्ने कानुनी आधार देखिदैन।	
३६	२०७९।५।२६	भुक्तानी बाँकीको कच्चावारी भन्दा बढी रकम भुक्तानी - सिक्टा नहर देखी मान बहादुर थारुको घर सम्म र पेट्रोल पम्प देखी पश्चिम जाने बाटो निर्माण उपभोक्ता समितिलाई रकम रु.२९१०००।—भुक्तानी दिएकोमा भुक्तानी बाँकीको कच्चावारीका रकम रु.२७३९६८।—मात्र उल्लेख रहेकोले बढि भुक्तानी रु १७०३२ असुल गर्नुपर्ने रु	१७०३२
			६०४४४६०

प्रमाण पेश नगरेको	६०,४४,४६०

१०९ **गै स स बाट कार्य - नाफामूलक संस्थालाई अनुदान**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानिय तहले नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई भवन निर्माणमा अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । यो वर्ष देहायअनुसारका नाफामूलक संस्थालाई भवन निर्माण, गरी भुक्तानी दिएको देखियो। सहकारी भवनको स्वमित्व सहकारी सदस्यको हुने हुदा यस्तो खर्च नियन्त्रण गर्नुपर्ने तथा नियमसम्मत नदेखिएको रु..

गो भौ नं र मिति	सहकारी संस्थाको नाम	सहयोग क्षेत्र	भुक्तानी रकम
२३।०७९।५।२७	अप्सरा सामाजिक उद्यमी महिला सहकारी संस्था	भवन निर्माण	७६३८२०
५५।०७९।६।४	जननी सामाजिक उद्यमी महिला सहकारी संस्था लि	भवन निर्माण	४८५०००
९१।०७९।६।२७	सुनकोशी सामाजिक उद्यमी सहकारी संस्था लि	भवन निर्माण	४७४५४९
१३८।०७९।९।६	संगीनी सामाजिक उद्यमी महिला सहकारी संस्था लि.	भवन निर्माण	४०९३८५
जम्मा			२१३२७५४

अनियमित भएको	२१,३२,७५४

११० **कार्यक्रम संचालन** (२६-२०७९-५-२५)- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (१५) मा चालु आर्थिक बर्को बजेटले भुक्तानी दिन पुग्ने देखिएमा भुक्तानी बाकी दिन मिल्ने खर्च शिर्षक तोकेको छ। उक्त नियममा नतोकेकोआर्थिक बर्ष भित्र भुक्तानी दिनुपर्ने रासी सोनारी कम्प्यूटर तथा अंग्रेजी भाषा तालिम केन्द्र लाई कम्प्यूटर कक्षा संचालन गरे बापत गत बर् भुक्तानी दिन बाँकी राखि यस बर्ष रु. १६४४०० भुक्तानी दिएको देखियो ।नियमावली विपरित हुने गरी भुक्तानी दिन बाँकी विवरण तयार गरी भुक्तानी दिने कार्य नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१११ **घण्टेश्वरी सामुदायिक वन उपभोक्ता समुह** (१०-२०७९-५-२४)- लुम्बिनी प्रेश आर्थिक ऐन २०७९ को दफा ८ मा प्रदेश भित्र सम्बन्धित स्थानियतहले अनुसुचि ६ बमोजिमको दरमा नघट्ने गरी ढुङ्गा गिटी बा‍ुलुवाको संकलनमा शुल्क लगाइ असुल उपर गरिने ब्यस्था छ। गत आ.व.को भुक्तानी दिन बाँकी शिर्षकबाट तेजु चौधरीको घर देखी पौडेलको घर सम्म बाटो स्तरोन्नती उपभोक्ता समितिलाई रु.४७७५१४।—भुक्तानी दिएकोमा घण्टेश्वरी सामुदायिक वन उपभोक्ता समुह महादेवपुरी-८ बाट ८४००००।—को ग्राभेल खरिद गरिएको रसिद संलग्न रहेको देखियो । ऐन अनुसार सामुदायिक वन उपभोक्ता समुहले नदिजन्य पदार्थ बिक्री

गर्न पाउने नदेखिदा उक्त बिक्रमा संकलित रोयल्टी रकम रु १०७५३३ सामुदायिक वन उपभोक्ता समुहबाटअसुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,०७,५३३

११२ **भरपाई** - प्रदेश आर्थिक ऐन २०७९ को दफा नं ८ अनुसार प्रदेश भित्र अनुसुचि ६ बमोजिम सम्ढुबन्ङ्गाधित स्थानिय तहले , गिटी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, भष्कट र माटोको संकलनमा शूल्क लगाई असुल गरी प्रदेश तथा स्थानीय तहले वितरण गर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारको निर्माण काममा प्रयोग हुने प्राकृतिक स्रोत साधनलाई सामुदायिक बन तथा सिमा सुरक्षा निकायबाट प्रदान गरिएको पूर्जिको आधारमाउपभोक्ता समितिले खरिद गरेको देखिएकोले उक्त परिमाणको रोयल्टी रकम स्थानिय तहले असुल गर्नुपर्ने रु

गो भौ नं र मिति	उ स को नाम	भुक्तानी रकम	प्राकृतिक स्रोत साधन र परिमाण	रोयल्टी बापतको रकम
१२।०७९।५।२५	महेन्द्रपुरको भित्री बाटो माटो पटान तथा ग्राभेल उपभोत्ता समिति	३४४७३५	ग्राभेल २५८ क्यू मी	७२८२०
१३।०७९।५।२५	कृष्ण के सी को घरदेखी हिरालाल बि क को घरसम्म माटो पटान तथा ग्राभेल	३६५०७१	ग्राभेल २०४ क्यू मी	५७५८०
१४।०७९।५।२५	राप्ती पुल जाने बाटो पटान तथा ग्राभेल उ स	४६९८१२	ग्राभेल २५५ क्यू मी	७१९७२
१७।०७९।५।२५	चाचरफर्मा दक्षिण टोल छरहवा खोलामा तार जाली तटबन्ध निर्माण उ स	६६३५२५	ढुङ्गा १३८ क्यू मी	३८९५०
२०।०७९।५।२५	चुनाहा बाटो निर्माण उस		माटो २८० क्यू मि	२९६३५

५।०७९।७।१३	सौरी खोला तटबन्ध निर्माण(सौरी जरुवा टोल विकास संस्था)	१९४००००	ढुङ्गा ३६२ क्यू मि	१०२१७०
३३३।०८०।३।१३	बजारुको घर देखि गंगा वहादुरको घरसम्मको बाटो स्तरोउन्नती (पश्चिम कुम्भर टोल विकास संस्था)	४८५०००	माटो ७४१ घ मी र ग्राभेल २४० घ मी	१४६१६४
जम्मा				५१९२९१

असुल गर्नुपर्ने	५,१९,२९१

११३ **नाफामुलक सहकारीकव भवन निर्माण** (११-२०७९-५-२४)- स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहले नाफामूलक सहकारी संस्था भवन निर्माण कार्य गर्ने ब्यबस्था देखिदैन। महालक्ष्मी महिला कृषि सहकारी संस्था लाई भवन निर्माण बापत गत वर्षको ९७०००० भुक्तानी भएको देखियो। । यसरी नाफामूलक सहकारीको भवनको स्वामित्व शेयर सदस्यको हुने हुदा नाफामूलक संस्थालाई अनुदान दिने कार्य नियमित नदेखिएको रु

अनियमित भएको	९,७०,०००

११४ **बैठक भत्ता** (४४३-२०८०-३-३१) - जेष्ठ र असार महिनाको ४ वटा बैठकको ८ जनालाइ रु २४००० बैठकभत्ता भुक्तानी गरेकोमा संलग्न बैठकको निर्णयमा खरिदको कोटेशन माग गर्ने ,बालबिवाहमा सहभागी नहुन वडाबासिलाइ जानकारी गराउने,नियमित अनुगमन गर्ने ,सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको अनिबार्य नबिकरण गर्ने जस्ता निर्णय गरी १ दिनमा १ बैठक गरी बैठकभत्ता माग गरेको देखिएकोले यस्तो कार्यालय समयमा खरिद इकाइले गर्ने निर्णयको बैठक भत्ता दिन मिल्ने आधार पेश गर्नुपर्ने अन्यथा कर बाहेकको रु २०४०० असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२०,४००

११५ **अग्रीम कर** - टि.एस.टि.मिडिया प्रा.लि. (स्था.ले.न.६०९८३०३६५)लाइ सम्झौता, सुचना प्रकाशनको अभिलेख नराखि २०८०।३।१३ का ५ वटा PAN बिल संलग्न गरी रु १ लाख भुक्तानी गरेको देखिएकोले

सम्झौता तथा अनलाइन सुचना प्रकाशन गरेको प्रमाण पेश गरी आयकर ऐन २०५८ को दफा ८८ बमोजिम सेवा शुल्क भुक्तानीमा कर बिजक पेश नभएकोमा १५ प्रतितका दरले अग्रीम कर कट्टी गर्नुपर्ने ब्यबस्था भएकोमा PAN बिलको भुक्तानीमा १.५ प्रतिशत मात्र अग्रीम कर कट्टी गरेको देखिएकोले घटि कर रकम रु १३५०० असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१३,५००

१६६ **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका निर्माण सामाग्री खरिद गरी सप्लायर्सलाइ भुक्तानी गरेको देखियो । खरिद गरिएको निर्माण सामाग्रीको ज्याला सहितको कार्य मुल्यांकन तथा उपयोग स्थितिको प्रमाण पेश हुनुपर्ने रु

गो.भौ.मिति	निर्माण सामाग्री	परिमाण	सप्लायर्स	रकम
४९१-२०८०।३।२४	एन.पि.थ्री ९०० एम. एम. ह्युमपाइप	४थान	बागेश्वरी ह्युमपाइप एन्ड बिद्युतपोल उद्योग प्रा.लि. कोहलपुर	३४९६६९
	एन.पि.थ्री ६०० एम. एम. ह्युमपाइप	६ थान		
	एन.पि.थ्री ४५० एम एम ह्युमपाइप	५ थान		
४०७-२०८०।३।२१	हेन्डपम्प धारा र जडान सामाग्री	६० थान	श्री निका ट्रेडर्स	६६९०००
४८४-२०८०।३।२४	पि.एस.सि. इलेक्ट्रीकल पोल -९ मि.	२८ थान	उप्रेती पोल एन्ड पाइप इ.प्रा.लि.कोहलपुर	४११३०४
	एन.पि.थ्री ३०० एम .एम. ह्युमपाइप	९ थान		

४४६-२०८०।३।२२	पि.एस.सि. इलेक्ट्रीकल पोल -९ मि	१० थान	बागेश्वरी ह्युमपाइप एन्ड बिद्युतपोल उद्योग प्रा.लि. कोहलपुर	२३५३७९
	पि.एस.सि. इलेक्ट्रीकल पोल -११ मि	७ थान		
४४५-२०८०।३।२२	एन.पि.थ्री ६०० एम .एम. ह्युमपाइप	४ थान	बागेश्वरी ह्युमपाइप एन्ड बिद्युतपोल उद्योग प्रा.लि. कोहलपुर	२३५८८७
	एन.पि.थ्री ४५० एम. एम. ह्युमपाइप	५ थान		
	एन.पि.थ्री ३०० एम. एम. ह्युमपाइप	७ थान		
१८-२०७९।५।२५	४ नम्बर हेन्डपम्प	३५ थान	भेरी ट्रेडर्स	३९६७३२
	जि.आइ.सकेट	३५ थान		
	जि.आइ.पाइप	२१० र.मि.		
जम्मा				२२९७९७१

प्रमाण पेश नगरेको	२२,९७,९७१

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान: राप्तीसोनारी गाउँपालिका, बाँके , राप्तीसोनारी गाउँपालिका , बाँके

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Hari bahadur Khatri	२०७९-४-१५	हाल सम्म कार्यरत
लेखा प्रमुख	गौरब कुमार लामिछाने	२०७६-१२-२८	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरणः

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५,१२७,८५६	२३,३७८,४१४	२२,२४३,५२१	०	०	१,०६९,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					५१,८१८,७९१
प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.					११,६०६,१४६
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					४०,२१२,६४५

आर्थिक कारोबारको स्थिति

अनुसूची — १

स्थानीय तह

गत बर्षको जिम्मेवारी		५८१५९९३४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	५२२२३२९१५	चालु खर्च	७४८२८१५४३
प्रदेश सरकारबाट अनुदान	३४२०३१३१	पूँजीगत खर्च	२३०९०८१५८
राजश्व बाँडफाँट	२२७०१७२५९	वित्तीय/अन्य व्यवस्था	४०२९०३५.०
आन्तरिक आय	२८०००००.०		
अन्य आय	१९३३८५८२६		
कुल आय	९७९६३९१३१	कुल खर्च	९८३२१८७३६
बाँकी मौज्दात		५४५८०३२९	